# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

शिक्षा एक विकासको मेरुदण्ड हो । शिक्षा विना विकासको कल्पना गर्न सकिँदैन, त्यसैले शिक्षालाई विकासको आधारशिलाका रुपमा लिइन्छ । शैक्षिक उपलब्ध हासिल गर्नको लागि विद्यार्थीहरु किताबी किरो मात्र बनेर सम्भव छैन यसका साथसाथै समूह, क्लव, विद्यालय प्रशासन लगायत विभिन्न पक्षले शिक्षाको अलावा सञ्चालन गर्ने स-साना क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । जसले बालबालिकालाई किताबी ज्ञान बाहेक अन्य रुपबाट शरीर लगायत मस्तिष्कलाई स्वस्थ्य र फूर्तिलो बनाउन सहयोग पुग्दछ । त्यसैले एकार्तिर मनोरञ्जन प्राप्त हुने, अर्को तर्फ व्यक्तिगत गुण तथा क्षमताको वृद्धि हुनाको साथसाथै विद्यालयको शैक्षिक व्यवस्थापनलाई समेत सहयोग गर्ने भएकाले बालबालिकालाई खेल खेल्ने अवसर प्रदान गर्नु पर्दछ ।

अतिरिक्त क्रियाकलाप यस्तो माध्यम हो, जसको सहायताबाट बालबालिकाहरुमा जीवनोपयोगी सीप तथा क्षमताको अभिवृद्धि गर्न सकिन्छ । त्यस्तै बालबालिकामा नक्कल गर्ने सीप अत्यन्त बढी हुन्छ । कसैको नक्कल तथा अनुसरण गर्न उनीहरु खुब मन पराउँछन् । यस किसिमको उनहरुको स्वभावलाई खेलको नियमभित्र समेटेर अभ्यास गराउन सकियो भने स्वभाविक रुपमा उनीहरुको सृजनशील प्रतिभाको विकास गराउन सकिन्छ । अतिरिक्त क्रियाकलाप बिना बालबालिकाहरु आफ्नो उद्देश्य प्राप्त गर्न सक्दैनन् । जब ब्यक्ति केही बढी प्राप्त गर्न इच्छा राख्छ तहाँ व्यक्तिलाई अतिरिक्त क्रियाकलापको आवश्यकता पर्दछ । त्यसकारण विद्यालयको अतिरिक्त क्रियाकलापले त्यहाँको शैक्षिक व्यवस्थापनमा के कति र कसरी प्रभाव पारिरहेको छ र त्यसले विद्यालयका विद्यार्थीको प्रगति कुन रुपमा भएको भन्ने कुराको उजागर गर्दछ ।

वास्तवमा व्यवस्थापन अहिलेको वर्तमान अवस्थामा दिनदिनै प्रयोग हुने शब्द हो । हामीले देखिने प्रायजसो सबै कुरामा व्यवस्थपन चाहिन्छ । जस्तोसुकै सानो गतिविधि किन  नहोस् व्यवस्थापन भएन भने स्वतस्फूर्त रुपमा काम सम्पन्न हुन धेरै चुनौति आइपर्दछ । सहज रुपमा गतिविधि सञ्चालन गर्न गरिने सबै प्रकारका निर्देशन, जाँचबुझ र काममा माथिल्लो तहबाट गरिने आगुवाई सबै व्यवस्थापन अन्तर्गत पर्दछ । सबै संस्थाहरु  आर्थिक शैक्षिक, राजनीतिक सांस्कृतिक र थुप्रै अरु विभागमा व्यवस्थपन नितान्त जरुरी छ । त्यस्तै र शैक्षिक क्षेत्रमा यसको ठूलो महत्व छ । शैक्षिक गुणस्तर र विद्यार्थीको चौतर्फी विकासमा विद्यालयको व्यवस्थापन र राज्यको व्यवस्थापन नभै नहुने हुरा हो । शैक्षिक विकासमा विद्यालयको मात्र नभएर सरकारी  निकाय, अभिभावक संघ, शिक्षा  मन्त्रालय साथसाथै राज्यको पनि अहम् भूमिका हुन्छ । कुनै पनि काम व्यवस्थित रुपमा सम्पादन गर्नको लागि निश्चित प्रक्रिया पूरा गर्नु पर्दछ । अर्को शब्दमा निर्धारित उद्देश्य प्राप्त गर्नको लागि आवश्यक व्यवस्था मिलाउनु पर्दछ । पूर्व निर्धारित उद्देश्य हासिल गर्नको लागि आवश्यक  पर्ने साधनहरुको संकलन गर्ने, तिनीहरुको समन्वय गर्ने तथा व्यवस्थित ढंगले परिचालन गर्ने प्रक्रियालाई नै व्यवस्थापन भनन्छ, (के.सी., २०५४) ।

छोटकरीमा भन्ने हो भने संगठनको निर्धाारित लक्ष्य हासिल गर्नको लागि आवश्यक पर्ने साधनहरुको संकलन गरी व्यवस्थित ढंगबाट समन्वय गरी परिचालन  गर्ने प्रक्रिया नै व्यवस्थापन हो, (श्रेष्ठ, २०५५) । संगठनमा कार्यरत मानिसहरुसँग मिलेर कार्य गरी सन्तोषजनक रुपमा सफलता पाउने कला नै व्यवस्थापन हो, (कुँवर, २०६३) ।

विद्यालयमा विद्यार्थीको ज्ञानमा वृद्धि गर्ने अनेक उपाय तथा बाटहरु छन् । सिकारुले कसरी सिक्न सक्छ र सिकेका कुराहरु दीर्घकालसम्म कसरी स्मरण गरिरहन सक्छ भन्ने मुद्दा वर्तमानमा प्रमुख हुन आउँछ । सिकाईका अनियमित र आकस्मिक शिक्षा प्रमुख

हुन आउँछन् । औपचारिक शिक्षा शिक्षण गर्दा निश्चित समय सीमा र तिनका पावन्दीहरुलाई विशेष ध्यान दिइएको हुन्छ । शिक्षा ग्रहण गर्दा निश्चित समय सीमा र तीनका पावन्दीहरुलाई विशेष ध्यान दिइएको हुन्छ । शिक्षा ग्रहण गर्दा यी अवस्थाको आफ्नै अर्थ र महत्व पनि हुने गर्दछ । शिक्षामा पाठ्यक्रमले आफ्नो मार्ग प्रशस्त गरेको हुन्छ । शिक्षा केवल वन्द कोठा चार दिवाल भित्र मात्र सीमित विश्वपरिवेश अनुसार अनुसारको गोरेटोमा डोर्‍याउन असम्भव देखिन्छ । तसर्थ प्रत्येक शिक्षालयले यदि सिकारुको चातर्फी विकास गरी २१ औँ शताब्दि सुहाउँदो रुपमा आफूलाई उभ्याउने हो भने पाठ्यक्रमको जन्जिरबाट उम्किएर खुल्ला परिवेशसँगै हातेमालो गरी अघि बढ्न नितान्त खाँचो महसुस गरिन्छ ।

अभिभावक, शिक्षक, व्यवस्थापन समिति र सिकारु विचको तालमेल, आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै अघि बढ्नु पर्दछ । तसर्थ सिकारुलाई समयको कसिमा उभ्याउने हो भने अतिरिक्त क्रियाकलापको बाटो समाउन नितान्त जरुरी हुन आउँछ । शिक्षामा रातारात परिवर्तन गर्न सकिन्छ भन्ने कसैले कहिल्यै पाल्नु हुँदैन । यो त क्रमशः परिवर्तन हुँदै जाने कुरा हो । तसर्थ सिकारुको शारीरिक, मानसिक, आत्यात्मक ज्ञानको परिवर्तन गर्दै अघि बढाउनका लागि अतिरक्त क्रियाकलाप रामताण सावित भएको कुरा छिपाएर छिप्दैन । हुनत यसको पनि आफ्नै खाले योजना प्रक्रिया संगठन व्यवस्थापन र सञ्चालनको जालो छ ।

दक्ष योग्य शिक्षक सीप मूलक तथा व्यवहारिक शिक्षा र उचित प्रबन्धको संमिश्रणबाट नै शिक्षामा सकरात्मक परिवर्तन सम्भव छ । अतिरिक्त क्रियाकलापले सिकारुलाई सामाजिकीकरण गर्न र विश्व परिवेश अनुसार चल्नका लागि विशेष योगदान तथा क्षमता प्रदान गर्दछ ।

अतिरिक्त क्रियाकलाप प्रति अभिभावक शिक्षक व्यवस्थापन समितिको धारणा एकै खालको छैन । सबै पक्षले आफ्नै खालको चश्माले हेर्ने गरेको पाइन्छ । अभिभावकहरु पढाई धेरै होस् अतिरिक्त क्रियाकलाप कम होस् भन्ने चाहन्छन् । भने शिक्षकहरु अल्छी लाग्दा तथा विशेष समारोह र उत्सवहरुमा मात्र अतिरिक्त क्रियाकलाप गराउनु पर्दछ भन्ने साँघुरो मान्यता भित्र रुमलिईरहेको पाइन्छ ।

व्यवस्थापन पक्षले आर्थिक कारण देखाई आफू पन्छिन चाहन्छन् । त्यसकारण अतिरिक्त क्रियाकलाप प्रति सचेत र सकरात्मक दृष्टि हुनु पर्दछ । यो नितान्त खाँचोको विषय हो भनेर सरोकारवालाहरुलाई बुझाउन सकिएमा यसको महत्व र प्रभावकारिता झन बढेर जाने कुरामा कसैको दुई मत रहेको छैन ।

अतिरिक्त क्रियाकलाप सञ्चालन भएता पनि त्यसको लेखाजोखा सहित अभिलेकीकरण कार्यको थालनी नभएको वा भएता पनि व्यवस्थित रुपमा नभएको पाइन्छ । धेरैजसो विद्यालायहरुमा तर वार्षिक रुपमा शिक्षालयले गरेको अतिरिक्त क्रियाकलापको अभिलेखीकरण गरी सामूहिक रुपमा छलफल तथा अन्तरक्रिया गर्दै पृष्णपोषण सहित अघि बढ्न आवश्यकता छ ।

शिक्षा जीवनपर्यन्त चल्लने एक गतिशील प्रक्रिया हो । राणाकालीन अन्धकारमय शैक्षिक कालबाट शिक्षा क्षेत्रमा परेको असरले छिमेकी राष्टहरुको दाँजोमा नेपाल पछि पर्नुलाई अनौठो मान्नु पर्दैन । देश विकासको  मूल आधार भनेको नै शिक्षा हो । शिक्षा प्राप्तिको सरल र भरपर्दो उपाय भनेको नै अतिरिक्त क्रियाकलाप हो । वि.सं. २०२८ सालको नयाँ शिक्षाले केही उज्यालो पक्ष तर्फ योर्‍याएको पाइन्छ । तथापी शिक्षा क्षेत्रमा परिवर्तन र परिणात्मक पक्षमा उल्लेखनीय परिवर्तन आएको महशुस हुन्छ।

राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ले जब अतिरिक्त क्रियाकलापलाई विशेष रुपमा जोडि दियो सोही अनुसार शिक्षा तथा संस्कृति मन्त्रालयले पाठ्यपुस्तक निरीक्षण विकास केन्द्र अन्तर्गत त्रिभुवन विश्वविद्यालयहरुमा अतिरिक्त क्रियाकलापको व्यवस्था गरिएता पनि उच्च शिक्षामा प्रभावकारी संचालन र व्यवस्थापन गरिएको पाइँदैन, ( अधिकारी, २०६६) ।

जेहेन्दार गरिब तथा महिला वर्गका लागि उच्च शिक्षामा समेत छात्रवृत्तिको व्यवस्थ गरिने अभिभावक सचेतना कार्यक्रमको सुरुवात, आर्थिक र बैचारिक विकास गर्ने लक्ष्य गरिएता पनि पिछडिएका महिला लक्षित समुदायको अज्ञानता तथा चेतनाको अभावको कारणले गर्दा विद्यालय जान नचाहने, गएका विद्यार्थीहरु पनि बिचमा नै कक्षा छाड्ने, लाज संकोचको भावना हटाउन नसक्नु, विद्यालयमा नियिमित नहुनु जस्ता समस्या रहेका छन् । यस्ता समस्या समाधानका लागि आवश्यक उपायहरुको खोजी गर्ने तथा अतिरिक्त क्रियाकलापले विद्यालयको शैक्षिक व्यवस्थापनमा पर्ने प्रभाव साथै विद्यार्थीमा देखिने परिवर्तनको अध्ययन गर्नका लागि मैले यो विषयवस्तु चयन गरी अध्ययन गर्ने जमर्को गरेकी छु ।

यो अध्ययन नवलपरासी जिल्लाको महध्यबिन्दु नगरपालिका वडा नं. ६ भित्रका मा.वि., नि.मा.वि. तथा प्रा.वि. विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलाप हुन्छन् ? कति विद्यार्थी, विद्यालायको अतिरिक्त क्रियाकलापमा संलग्न रहन्छन् ? अतिरिक्त क्रियाकलापले विद्यालयको शैक्षिक व्यवस्थापनमा के कस्तो प्रभाव पारेको छ ? अतिरिक्त क्रियाकलाप र शैक्षिक स्तरको सम्बन्ध कस्तो हुन्छ ? जस्ता विविध पक्षमा जानकारी संकलन गरेको हुँदा सम्बन्धित पक्षको समस्या समाधानका लागि कमजोरीहरु सुधार गर्न यो अध्ययन पक्कै पनि मार्गदर्शन बन्ने विश्वास लिइएको छ ।

### १.२ समस्याको कथन

शिक्षा माानव जीवनको सार हो । शिक्षा विहीन मानिस पशु समान हुन्छ । शिक्षा विकासको मेरुदण्ड पनि हो । शिक्षा बिना मानिसको व्यक्तित्व र देशको विकास समेत असम्भव छ । तर कमजोर शिक्षाको कारण २०२० सालमा लागु भएको छुवाछुत प्रथाले अहिलेसम्म जरो गाडेको छ । यस अर्थ शिक्षा आर्जनमा भएको यस किसिमको बाधा अवरोध हटाउन विद्यार्थी भर्नादर र टिकाउदर बढाउनका लागि अभिभावक तथा विद्यालय प्रशासन पक्षले अतिरिक्त क्रियाकलापको उचित व्यवस्थपन नगर्नाले यस किसिमको समस्या देखा परेको हो ।

शिक्षा प्राप्तिको लागि मानिसले हरेक प्रकारका उपायहरु खोज्यो । शिक्षा प्राप्तिका बाटाहरु पनि एकै खालका छैनन् । शिक्षालाई सहयोग गर्न अनेक उपायहरु पनि निस्किए मानिसले विभिन्न खोजी गरेर शिक्षालाई जनमुखी बनाउने उत्पादन मूलक गराउने कोशिस गरिरहेको छ । ज्ञान प्राप्त गर्न सहज पनि छैन । स्तरीय पठनपाठनका लागि पाठ्यक्रम र पाठ्यपुस्तक मात्र भएर पुग्दैन । विद्यार्थीहरुले खोजेको समय सापेक्ष ज्ञान पनि चाहिन्छ । किताबी ज्ञानले मात्र विद्यार्थीहरुले उल्लेख्य प्रगति गर्न सक्दैन । जसका लागि अतिरिक्त कार्यक्रम चाहिन्छ । किताबी वा पाठ्यक्रमको ज्ञानका साथमा अतिरिक्त क्रियाकलाप भएमा मात्र चौतर्फी विकास सम्भव हुन्छ । पाठ्यक्रमलाई सहयोग हुने खालका अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुमा नयाँ सोच सीप र जागरणको विकास भई समयलाई बोध गर्न ज्ञान प्राप्त गर्न सक्छ । तसर्थ शैक्षिक संस्थाले विद्यार्थीको मनोभाव बुझ्रेर अभि बढेमा राम्रो मान्छे हुन्छ । हाल विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलाप हुन्छ ? र अतिरिक्त क्रियाकलापले विद्यालयको शैक्षिक व्यवस्थालाई कस्तो प्रभाव पार्दछ ? भन्ने विषयवस्तुमा यो अनुसन्धान प्रतिवेदन केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको औचित्य

गरिखाने शिक्षाको खोजीमा विद्यार्थीहरु भौतारिरहेका छन् भने उनका अभिभावकहरु आफ्ना सन्तानहरुलाई भविष्यमा दुःख नपरोस् आफ्नो योग्यताको प्रमााणपत्रले जीविको पार्जन गर्न सफल होउन् भन्ने इच्छा प्रकट गर्दछन् । जीवनको सार्थकता र यथार्थता नै शिक्षामा छ ।

शिक्षकले पुस्तक पढाएर र विद्यार्थीले बुझेर मात्र हुँदैन बरु त्यो शिक्षा ग्रहण गरिसकेपछि सम्बन्धित क्षेत्रमा प्रयोग जन्य छ छैन ? कार्यान्वयन लायक छ वा छैन ? जान्न जरुरी छ । स्वास्थ्य शिक्षा शिक्षा पढ्ने विद्यार्थीले शरीर भरि मैला छ तर त्यहि विद्यार्थीले परीक्षामा उच्चतम अंक प्राप्त गर्दछ भने त्यो शिक्षाले के संकेत गर्दछ । हो त्यसैले विद्यालय तहमा गएर पनि अतिरिक्त क्रियाकलापले के प्रभाव पार्दछ ? यसको आवश्यकता हो होइन ? केबल किताबको किरो भएर मात्र हुन्छ हुँदैन ? भन्ने कुरालाई पुष्टि गर्न या समस्या लिइएको हो । पाठ्यक्रम र पाठेयपुस्तकको साँगुरो घेराले विद्यार्थीको शारीरिक एवम् मानसिक विकासका लागि समेत अतिरिक्त क्रियाकलापको खाँचो हुन्छ । त्यसैले पनि विद्यालय त्यस दिशा तर्फ उन्मुख देखिन्छि । अतिरिक्त क्रियाकलापलाई राष्ट्रिय जागरण सांस्कृतिक सामान्य ज्ञान बढाउने भावनात्मक एवम् संवेगात्मक र सृजनशीलता जगाउने खाले भनी वर्गीकरण गरेको पाइन्छ । विद्यार्थीहरुमाम आइपरेका समस्याहरुको पहिचान गराई उनीहरुको विद्यालय अतिरिक्त क्रियाकलापमा सहभागिताको अवस्था के कस्तो छ ? विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलाप हुने गरेका छन् ? अतिरिक्त क्रियाकलाप र शैक्षिक व्यवस्थापनको के सम्बन्ध छ ? र अतिरिक्त क्रियाकलापमा कस्तो प्रभाव पारेकाो हुन्छ ? कारणको खोजी गरी समाधानको माग प्रस्तुत गर्नु यस अध्ययनको मुख्य लक्ष्य हो । यसका साथै विद्यालायमा अतिरिक्त क्रियाकलाप बिनाको पढाईमा हुने भिन्नता पहिचान गर्न र

अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा पारेको सकरात्मक पक्ष पहिचान गर्न यो अध्ययन औचित्यपूर्ण हुनेछ भन्ने ठोनको छु ।

यो अध्ययन पूर्णतः विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलाप हुन्छन् ? अतिरिक्त क्रियाकलाप र पढाई बिच कस्तो सम्बन्ध हुन्छ ? अतिरिक्त क्रियाकलापले विद्यालयको शैक्षिक व्यवस्थापनलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभााव पारिरहेको हुँदा साथै अतिरिक्त क्रियाकलापले विद्यालयको शैक्षिक व्यवस्थापनमाा पारेको प्रभावका कारण विद्यालय, शिक्षक, अन्य शोधकर्ता, विद्यार्थी, अभिभावक, लगायत अन्य वर्गलाई समेत मार्गदर्शन मिल्नेन हुँदा यो अध्ययन महत्वपूर्ण देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यो अध्ययन गर्नुका पछाडि निम्न लिखित उद्देश्यहरु रहेका छन् :

१. विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप व्यवस्थापनको वर्तमान अवस्था पहिचान गर्नु,

२. अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु,

३. अतिरिक्त क्रियाकलापको व्यवस्थापनमा देखा पर्ने समस्याहरु पत्तालगाउनु,

४. अतिरिक्त क्रियाकलापद्वारा विद्यालयको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

१. विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप व्यवस्थापनको वर्तमान अवस्था के कस्तो रहेको छ ?

२. अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा के कस्तो प्रभाव पारेको छ ?

३. अतिरिक्त क्रियाकलापको व्यवस्थापनमा देखा पर्ने समस्याहरु के के हुन सक्छन्?

४. विद्यालयमा अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ?

५. विद्यालयमा अतिरिक्त क्रियाकलापलद्वारा विद्यालयको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

जुनसुकै अध्ययन कार्य गर्दा पनि अध्ययन क्षेत्रको सिमांकन गरिनु पर्दछ । अध्ययन गरिने विषयवस्तु उद्देश्य पनि पूर्ण निर्धारित गरिने हुन आवश्यक छ । अनुसन्धानकर्ताको समय, स्रोत साधन, विभिन्न समस्या तथा जटिलताका कारण ठूलो अध्ययन क्षेत्रलाई समेट्न नसकिए पनि यस अध्ययन प्रतिवेदन नवलपरासी जिल्लाको मध्यबिन्दु नगरपालिका वडा नं. ६ अन्तर्गत रहेका मा.वि., नि.मा.वि. र प्रा.वि. हरुमा श्री जनता मा.वि. हर्दिया, श्री लाली गुराँस प्रा.वि., श्री गोसाईबाबा प्रा.वि., श्री दुर्गा नि.मा.वि. गरी जम्मा ४ वटा विद्यालयमा सिमीत रहने छ । छनोटमा परेका विद्यालयमा सम्भावना रहित नमुना छनोट विधिका आधारमा प्र.अ. ४, शिक्षक २।२ का दरले जम्मा ८ , अभिभावक २।२ का दरले ८, विद्यार्थी ५।५ का दरले २०, वि.व्य.स. अध्यक्ष ४ जना  तथा स्रोतव्यक्ति १ सहित जम्मा ४५ जनालाई प्रस्तुत अध्ययनको जनसंख्यायको रुपमा छनोट गरिएको छ । अध्ययन तथा अनुसन्धानका क्रममा तथ्यांकलनका प्राथमिक तथा द्वितीय स्रोतलाई प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन कार्यलाई विद्यालय क्षेत्रको अन्य पक्षसँग सम्बन्धित नरही अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा पारेको प्रभावमा मात्र सीमित गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धितसाहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अनुसन्धान वास्तवमा जटिल कार्य भएकोले कुनै पनि विषयवस्तुसँग सम्बन्धित गहिरिएर खोज तथा अनुसन्धान गर्ने क्रममा विविध विषयवस्तुहरुको अध्ययन गर्नु पर्ने हुन्छ । अनुसन्धानको क्रममा अनुसन्धान कार्यलाई मूर्त रुप प्रदान गर्नका लागि यसभन्दा अगाडि गरिएिका सम्बन्धित लेख रचनाहरुलाई साहित्यको पुनरावलोकनको रुपमाम अध्ययन गरी उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि शोधकर्ता सम्बन्धित साहित्यको पुनरावलोकन गर्न आवश्यक छ । यस विषय वस्तुसँग मिल्दाजुल्ला सैद्धान्तिक खाकाको प्रयोग गरी गरिएको यस अध्ययन कार्यले उद्देश्य अनुरुप पूर्णता पउनुका साथै भोलिका दिनमा समेत उपयोगि सिद्ध हुने हुँदा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता नामक प्रस्तुत शोधपत्रसँग मिल्दा जुल्ला देख रचना, पत्रपत्रिका र शोधपत्रलाई अध्ययन गरी साहित्यको पुनरावलोकनको रुपमा प्रस्तुत गर्नका साथै अध्ययन कार्यसँग सम्बन्धित सैद्धान्तिक खाकालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन :

शिक्षण सिकाईको क्रममा कक्षाकोठामा किताबी विषयवस्तुसँग सम्बन्धित क्रियाकलाप बाहेक अन्यक्रियाकलाप नै अतिरिक्त क्रियाकलाप हुन् । यसभन्दा अघि शिक्षकले किताबी विषयवस्तुलाई मात्र अध्ययन गराउनु पर्छ र विद्यार्थीले शिक्षकले जे जसरी सिकाए त्यहि सिक्नु पर्दछ भन्न धारणा राखिन्थ्यो तर आजकल सिकाइको क्रममा पाठ्यक्रम भित्रका क्रियाकलाप बाहेक Co-Curricular activities लाई समेत प्राथमिकतामा राखिएको पाइन्छ । विद्यार्थीहरुले कक्षाकोठाको चार दिवाल भित्र सीमित रहेर सबै किसिमका शिक्षा प्राप्त गर्न सक्दैनन् र विद्यार्थीहरुको अन्तरनिहीत प्रतिभाको प्रस्फुटन समेत हुन असम्भव नै देखिन्छ । विद्यालयको मुख्य लक्ष्य शैक्षिक

क्रियाकलापको विभिन्न माध्यमद्वारा विद्यार्थीहरुले विद्यालयले विद्यार्थीहरुलाई विभिन्न किसिमका अनुभव प्रदान गर्नुपर्ने हुन्छ । विद्यार्थीहरुलाई आवश्यक पर्ने अनुभव विभिन्न माध्यमहरुले दिने गरिन्छ । त्यसका लागि पुस्तकमा मात्र सिमीत रहनु उचित देखिँदैन बरु त्यसको अलवा अतिरिक्त क्रियाकलापमा सहभाागिता जनाउनु पर्ने कुरामा राजी भएको देख्न सकिन्छ । हुन त विद्यालय तहमा अतिरिक्त क्रियाकलापको सञ्चालन धेरै वर्ष अघि देखि हुँदै  आएको पाइएता पनि संगठित र योजनाबद्ध रुपमा यसले २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाबाट मूर्तरुप लिन थालेको स्पष्ट हुन आउँछ । अतिरिक्त क्रियाकलापको कम प्रयोगका कारण उचित किसिमले शैक्षिक व्यवस्थापन हुन सकेको छैन । अतिरिक्त क्रियाकलाप सञ्चालन भएता पनि त्यसको लेखाजोखा सहित अभिलेखीकरण गर्ने कार्यको थालनी नभई वा भएता पनि प्रभावकारी रुपमा नभएको पाइन्छ ।

सरकारी तथा संस्थागत विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा पारेको प्रभावको अभिलेखीकरण गर्नुको कारक तत्वहरुको पहिचान गरी सो समस्या समाधानका उापयहरु खोजी गर्नु साथै यस प्रति विद्यार्थी, शिक्षक तथा अभिभावकको धारणा बुझि सकारात्मक भावनाको विकाास गराई शैक्षिक व्यवस्थापनमा सुधार गर्न सकिन्छ भन्ने अभिप्रायका साथ अध्ययनको शिलशिलामा यससँग सम्बन्धित मिल्दाजुल्दा अनुसन्धान प्रतिवेदन तथा खोज मूलक लेख रचनाहरुको अध्ययन गरी सम्बन्धित विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी तथा अभिभावकको सहयोगमा यस अध्ययन गरिएको छ । अध्ययनको क्रममा विद्यालयमा उचित किसिले शैक्षिक व्यवस्थापन हुन नसक्नुको मुख्य कारण अतिरिक्त क्रियाकलापको कम प्रयोग, अतिरिक्त क्रियाकलाप प्रति अभिभावक, शिक्षक व्यवस्थापन समितिको धारणा एक खालको नहुनु, अभिभावकहरुलाई पढाई धेरै होस् अतिरिक्त क्रियाकलाप कम होस् भन्ने चाहना हुनु

तथा शिक्षकहरु अल्छी लाग्दा विशेष समारोह र उत्सवहरुमा मात्र अतिरिक्त क्रियाकलाप गराउनु पर्दछ भन्ने साँघुरो मान्यता राख्नु जस्ता समस्याहरु देखिन्छ ।

बालबालिकाका लागि महत्वपूर्ण तत्वहरुमध्ये परिवारको सामाजिक र आर्थिक स्तर, आमाबाबुको शिक्षा, घरको कामको बोझ, पोषण युक्त खाना, बालकको आवश्यकता, चाहना, सुरक्षाको चेतना, आमाबाबुको केटाकेटी प्रति लिंग अनुसारको उपचार, शारीरिक ब्यायाम तथा वातावरण र अतिरिक्त क्रियाकलापलाई प्रमुख आधार मानेको कुरा प्रष्ट पारिएको छ, (शर्मा एण्ड शर्मा, २०७०) ।

अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुका शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक पक्षको विकास गराउने भएकाले त्यस्तो क्रियाकलापलाई बढुवा दिने खाले शैक्षिक कार्यक्रम योजनाको निर्माण गर्नु आजको आवश्यकता हो । समूहमा खोल्दा केटाकेटी पालो कुर्न, नियम पालन गर्न र खेल्दाखेल्दै निर्णय गर्न सिक्छन् । कहिले अरु साथीले जितेको देख्दा र कहिले आफूले जित्दा हारजीत सबैको हुँदो रहेछ, हार्दा आत्तिनु नपर्ने रहेछ भनेर हार जीत स्वीकार्न सक्छन्, (सुब्बा, २०७३) ।

जिल्लाद्वारा आयोजना गरिएको र विद्यालयद्वारा स्वीकृत गरिने क्रियाकलापलाई सहक्रियाकलाप भनिन्छ । जसले सीप विकासका लागि विद्यार्थीलाई व्यक्तिगत र सामूहिक रुपमा विद्यालयमा र सार्वजनिक क्रियाकलापमा सहभागी हुने अवसर प्रदान गर्दछ । मिनिन्सोटा स्कुल बोर्ड २००२ ले अतिरिक्त क्रियाकलापलाई यसरी परिभाषित गरेको छ । विद्यार्थीहरुको क्लब वा समूहले आयोजना गर्ने विद्यालय प्रशासनले आयोजन ागर्ने, विद्यालयले आयोजना गर्ने, स-साना क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भनिन्छ, (मिनिस्सोटा स्कूलवोर्ड, २००२) ।

कुनै पनिभावना वा आकांक्षा जसले, कुनै पनि व्यक्तिको इच्छा वा चाहानालाई यसरी परिवर्तन ल्याइदिन्छ जसले गर्दा ऊ कार्यप्रति दत्तचित्त भएर लाग्दछ । यसर्थ व्यक्तिलाई कार्यप्रति उत्प्रवेरणा जगाउनका लागि आकर्षक भौतिक वातावरण, शिक्षण विधि, शिक्षकको व्यवहार, पुनर्बलको प्रयोग, पुरस्कार र दण्ड, परिणमका ज्ञान प्रतिस्पर्धा र सहयोग, अतिरिक्त क्रियाकलापमा संलग्नता जस्ता विविध उपायहरु अपनाई विद्यार्थीहरुमा उत्प्रेरणा जगाउने कुरा कक्षा ११ को शैक्षणिक पद्धतिमा पाउन सकिन्छ, ( श्रेष्ठ, चन्दबहादुर, २०६५) ।

वास्तवमा नेपाली शैक्षिक संरचना भित्र अतिरिक्त क्रियाकलापलाई धेरै अगाडिदेखि संलग्न गराइँदै  आएता पनि यसको प्रभावकारी विकास र प्रयोग गर्न सकिएको छैन । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले अतिरिक्त क्रियाकलापलाई नीतिगत र संगठनात्मक रुपमा  विकास गरे पश्चात यसको क्रमिक सुधार भएको मान्न सकिन्छ । त्यसपछिका प्रत्येक शिक्षा समिति तथा कार्यदलले अतिरिक्त क्रियाकलापलाई कुनै न कुनै माध्यमबाट पाठ्यक्रममा संलग्न गराई विद्यालय तथा उच्च शिक्षाको एक अभिन्न अंगको रुपमा समावेश गरेको पाइन्छ तर नीतिगत रुपमा अतिरिक्त क्रियाकलापलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा लिएता पनि यथार्थमा विभिन्न कारणले कार्यान्वयनको पक्ष कमजोर भएको देखिन्छ, (सेरिड, १९६९) ।

विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्नका लागि महिला शिक्षाको अनुपात बढाउनु पर्ने सेरिड १९९६ ले गरेको एक अध्ययन अनुसार नेपाल सरकारको दोषपूर्ण र कमजोर कार्यान्वयनको कारणले गर्दा महिला शिक्षकको नियुक्त हुन नसकेको कुरा उल्लेख छ । त्यसैले शिक्षणलाई प्रभावकारी बनाउन महिला शिक्षक नियुक्त र अतिरिक्त क्रियाकलापलाई अनिवार्य  भएको कुरा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले उल्लेख गरेको छ, (सेरिड १९९६) ।

अहिलेको जटिल समस्या भनेको बालबालिकाहरुले आफूले भोलिका दिनमा के पढ्दा के हुन्छ भन्ने बारेमा जानकारी नहुनु हो । जसले गर्दा बालबालिकाहरुले स्कूले दिनहरुमा केवल समय विताउने तरिकाले उत्पादन गरी रहेका हुन्छन् । भोलि गएर उच्च शिक्षामा पुगेपछि बल्ल उनीहरुलाई यो थाहा हुन्छ कि कुन विषय पढ्दा के हुँदो रहेछ । समय विते पछिको खेती भनेजस्तो स्कुले तह वितिसकेपछि उनीहरुलाई बल्ल पश्तचाप हुन थाल्छ  कि हिजोका दिनमा राम्रो पढेर राम्रो प्रतिशत ल्याउन सकेको भए अहिले जुनसुकै विषय अध्यापन गर्न पाइने थियो । जब बाबुनानीहरु कक्षा ८ मा प्रवेश गर्दछन् उनीहरुलाई उचित संरक्षणको आवश्यक हुनुका साथै उनीहरुलाई उत्प्रेरणा आवश्यक पर्दछ तर अभिभावकको व्यस्तताका कारणले बाबुनानीहरुलाई उचित संरक्षण गर्न तथा उचित व्यवस्थापन हुन नसकेका कारणले कठिनाइतिर धकेली रहेको देखिन्छ । बालबालिकाहरुलाई शिक्षण क्रियाकलापमा वृद्धि गर्नका लागि उनीहरुलाई घरमा पनि विभिन्न अतिरिक्त शैक्षिक सामग्रीहरुको व्यवस्थापन गर्नु आवश्यक रहन्छ, (न्यौपाने, २०६८) ।

नेपालको वर्तमान शिक्षाको आवश्यकता जति फराकिलो छ त्यही अनुरुप यसको गुणस्तर त्यति साँगुरिँदै गएको छ । इतिहास त्यस्तो अनुभव र गोरेटो हो जसलाई पछ्याउँदै नेपालको शिक्षा प्रणाली अहिलेको अवस्थामा आइ पुगेको छ । यो अवस्थामा आइपुग्दा यसले असंख्या बाटो छिचोल्दै हिंड्नु परेको थियो । नेपालको विगतलाई हेर्दा औपचारिक शिक्षा नभए पनि विभिन्न प्रयोगात्मक शिक्षा प्रणालीबाट भने शिक्षा अभिप्रेरित भएको पाइन्छ, (वाग्ले र अन्य २०५७) ।

शिक्षण क्रियाकलापलाई व्यवहारिक र प्रभावकारी बनाउन अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालय पाठ्यक्रमले उल्लेख गरेभन्दा बाहिरको शिक्षाहरु जुन विद्यालयमा सञ्चालन गरिन्छ त्यसलाई क्रियाकलाप भनिन्छ । यस्तो क्रियाकलापले पाठ्यक्रम अनुसार उद्देश्य हासिल गर्न सहयोग पुगेको हुन्छ ।

विद्यार्थीलाई पाठ्यक्रम अनुसार सिकाइ हासिल गर्न तथा स्वतस्फुर्त रुपमा संलग्न नगराउन उनीहरुको सामाजिक, संवेगात्मक विकास गर्नका लागि अतिरिक्त क्रियाकलापले भूमिका निर्वाह गरेको हुन्छ, (श्रेष्ठ, २०६७) ।

नेपालको शैक्षिक विकासको सन्दर्भमा जव वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भयो यस योजनाले देशैभर एकै किसिमको शिक्षा पद्धतिलाई लागु गर्ने उद्देश्य राखेको थियो । शिक्षा ऐनमा समेत विद्यालय तहमा अनिवार्य रुपमा अतिरिक्त क्रियाकलापको व्यवस्था गर्नु पर्ने उल्लेख गरिएको छ । यसैगरी राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ मा पनि विद्यालय तहमा अतिरिक्त क्रियाकलाप गर्नुपर्ने व्यवस्था उल्लेख छ, (अतिरिक्त क्रियाकलाप दिग्दर्शन, २०६३) ।

विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलाप गराएर २०५५ सालमा वीरेन्द्र शिल्ड प्रतियोगिता सञ्चालन गर्दा बालबालिकाहरुभित्र नयाँ जोस् र उमंग छाउनुका साथै उनीहरुले विभिन्न क्रियाकलापमा भाग लिएर राम्रो स्थान हासिल गर्न सकेको तथ्यलाई प्रस्तुत गरिएको छ । साथै बालबालिकाहरुको शैक्षिक प्रगति तथा उनीहरुको चौतर्फी विकासलाई आधार मानेर सञ्चालन गरिएको अतिरिक्त क्रियाकलाप सम्बन्धी प्रतियोगिता कार्यक्रममा प्रथम, द्वितीय तृतीय हुने बालबालिकाहरुको विवरण तथा विद्यालयको नाम सहित प्रकाशित गर्नुको साथै बालबालिकाहरुलाई किताबी ज्ञान मात्र नभई प्रयोगात्मक  ज्ञानको अभिवृद्धि गर्नुका साथै बालबालिकालाई किताबी ज्ञान मात्र नभई प्रयोगात्मक ज्ञानको अभिवृद्धि गर्नुको साथै उनीहरुमा शैक्षिक उपलब्धिको समेत वृद्धि हुने कुरालाई विश्लेषण गरिएकोछ, (सिंह, २०५६) ।

विद्यार्थीको आनिबानिमा परिवर्तन ल्याउनको लागि बालबालिकहरुमा अतिरिक्त क्रियाकलापको आवश्यकता पर्दछ, विद्यालय सरसफाई कार्यक्रमलाई एक महत्वपूर्ण कार्यक्रमको रुपमा लिइएको छ । विद्यालय सरसफाई कार्यक्रमलाइ अझ प्रभावकारी

बनाउन जीवनपयोगी बनाउनका लागि युनिसेफ नेपालको सहभागितामा नेपाल रेडक्रस सोसाइटीले जीवनोपयोगी सीपमा आधारित सरसफाई प्रशिक्षणहरु सञ्चालन गर्दै आएको पाइन्छ । विद्यालयका भाइबहिनीहरुको शैक्षिक स्तर विकास गर्न, रुढिवादी परम्परालाई परिवर्तन गरी समयानुसार अगाडि बढाउन मानसिक रुपमा कार्यगर्ने गुणस्तरीय शिक्षा प्रदान गर्न जीवनलाई सजह रुपमा लानका लागि बालबालिकाहरुलाई अतिरिक्त क्रियकलापमा अग्रसर गराउनमा नेपाल रेडक्रस सोसाइटिले महत्वपूर्ण भूमिका निर्वह गरेको छ, (नेपाल रेडक्रस सोसाइटी, २०६२) ।

बालबालिका भनेका भोलि भविष्यका कर्णधार हुन् भोलिका देशको देश हाँक्ने जिम्म बोकेका बालबीलकाहरुलाई घरदेखि भोलिका दिनमा सक्षम रहन सक्ने खालको शिक्षा प्रदान गर्नु आवश्यक रहन्छ । विद्यार्थीका लागि लेखपढ गर्न त्यति सहज नभए पनि विभिन्न अतिरिक्त क्रियकलापको माध्यमबाट उसलाई ज्ञान आर्जन गराउन सकिन्छ । आफ्ना बाबुनानीलाई उपयुक्त वातावरण मिल्न सक्दैन भने यहाँनेर अभिभावकले यो कुरालाई मनन गरेर वा आफ्ना बाबुनानीलाई निश्चित पढ्ने समय आवश्यक, सामग्रीहरु, सरसफाइ, खानेपानी, नरम बोलीचाली जस्ता कुरामा बानी बसाल्नु आवश्यक छ । बाबुनानीहरुलाई विभिन्न हाँजिरी जवाफ, वादविवाद जस्ता अतिरिक्त क्रियाकलापमा प्रोत्साहन गर्नुका साथै आफ्ना बालबालिकाप्रति आफूले गर्नु पर्ने जिम्वारी पूरा गर्न सहेको खण्डमा बालबालिकाहरुको शिक्षा उपलब्धि मूलक हुन सक्दछ, (सुवेदी, २०६० ) ।

विद्यालय व्यवस्थापनमा सरसफाई कार्यक्रमको प्रभावकारिता नामक शीर्षक चयन गरी गरिएको शोधपत्रमा विद्यालय व्यवस्थापनमा सरसफाई कार्यक्रमको प्रभावकारिता पत्ता लगाउनु प्रमुख उद्देश्य राखिएकोछ । सरसफाई कार्यक्रम भनेको विद्यार्थीको पढाइको साथसाथै एउटा अतिरिक्त क्रियाकलाप रहेको जसको कारणले बालबालिकाहरुमा आफ्नो वरपर के कसरी सफा गर्ने, गाउँ टोल तथा छरछिमेकमा समेत उनीहरुलाई सरसफाई कार्यक्रममा अभिप्रेरित आवश्यक रहेको शोधपत्रमा निष्कर्ष प्रस्तुत गरिएको छ । बालबीलकाहरुलाई विद्यालयले विद्यालय सरसफाई कार्यक्रममा सरिक गराउने, बालउद्यान

बनाउन लगाउने, खानेपानी तथा वरपरका वातवारणको सरसफाईका सम्बन्धमा ध्यानाकर्षण गराउन सकेको खण्डमा बालबालिकाहरुले पढेर भन्दा पनि सरसफाईको आवश्यकता महत्व र त्यसले समाजमा पार्ने प्रभावका सम्बन्धमा आफैले प्रयोग गरेर थाहा पाउन सक्ने भन्दै विद्यालयले किताबी ज्ञानलाई भन्दा अतिरिक्त क्रियाकलापलाई विशेष जोड दिँदै विद्यार्थीहरुलाई सरसफाई प्रति आकर्षण गराउनु वर्तमनको आवश्यकता रहेक ोतथ्यलाई विश्लेषण गरिएको छ,(घिमिरे, २०६७) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

प्रयोगद्वारा प्रमाणित गर्न सकिने तथ्यहरु नै सिद्धान्त हुन् यस अध्ययन गर्नका लागि पनि यस विषय वस्तुसँग मिल्दाजुल्दा विभिन्न विचार तथा सिद्धान्तको प्रयोग गरिएको छ । जसले मेरो यो सानो अध्ययनलाई उचित तरिकाले लैजानका लागि मार्गदर्शन प्रदान गरेको छ, जसका लागि मैले व्यवस्थापनसँग सम्बन्धित सिद्धान्तहरुमाम मानव सम्बन्ध सिद्धान्तका साथै पेडागोजीअफ अप्रेस्ड एप्रोज (१९७०) लाई अवलम्बन गरेकी छु ।

मानव सम्बन्ध सिद्धान्त सन् (१९५०) बाट प्रचलनमा आएको हो । यस अगाडिका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्तको शुरुवात भएको हो । फोलेटको विचारमा कुनै पनि संगठनमा उपलब्ध स्रोतको उचित व्यवस्थापन गर्नको लागि संगठनमा आवद्ध सराकारवला वीचमा मानवीय सम्बन्ध राम्रो हुनु पर्दछ । यसै गरी उनले प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्तलाई जोड दिँदै सामुहिक भावनाबाट नै अत्याधिक सफलता हासिल हुने कुरामा जोड दिएका छन् । सिधा सम्पर्क गरी समन्वय गर्ने, कार्यक्रमको प्रारम्भिक अवस्थाबाट नै समन्वय गर्ने, उपलब्ध साधन स्रोतलाई सामूहिक लक्ष्य प्राप्ति तर्फ एकिकृत गर्ने र समन्वय निरन्तर हुनुपर्दछ भन्ने उनीहरुका सिद्धान्तको महत्वपूर्ण पक्ष हुन्, (काफ्ले, २०६०) ।

यसैगरी पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ड अटाग गर्ने एप्रोच अनुसार अत्याचारमा परेका शोसित, पिडीत मानिसहरुका समस्याका बारेमा जनचेतना जगाई सचेत बनाएर

मौनताको संस्कृति तोड्नका लागि शिक्षा आर्जन गराउन पर्दछ । यसरी उनीहरु साक्षर भ एभने सिंगो परिवार नै साक्षर हुन्छन् । जसका कारण शिक्षा आर्जनप्रति प्रेरित भई विद्यालय छाड्ने दर, दैनिक सहभागिता, अतिरिक्त क्रियाकलापमा संलग्न जस्ता विविध पक्षमा संलग्नता बढ्न गई विद्यालयमा निरन्तर उपस्थित हुने बानीको स्वतः विकास हुने गर्दछ, (पेडागोजी अफ अनप्रेस्ड एप्रोच, १९७०) ।

मानव सम्बन्ध सिद्धान्तको मर्म अनुसार विद्यालयको दिगो विकासको लागि विद्यालयसँग सम्बन्धित सरोकारवालाहरु बिच घनिष्ट सम्बन्ध हुनु जरुरी छ । विद्यालयको विकासको महत्वपूर्ण आधार भनेको आर्थिक स्रोत हो जसको संकलन र परिचालनमा उनीहरुबिच राम्रो सम्बन्धले यसलाई मूर्त रुप दिन सहयोग गर्दछ । यसैगरी उपलब्ध स्रोतको वैज्ञानिक तवरले व्यवस्थापन गरी न्यूनतम स्रोत र साधनबाट उच्चतम उपलब्धी हासिल गर्नको लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त उपयोगी देखिन्छ । अतः यी दुई सिद्धान्तको सैद्धान्तिक धरातलमा रहेर अगाडि बढेमा विद्यालयको स्रोत व्यवस्थापनमा प्रभावकारिता आउने छ जसले विद्यालयलाई लक्ष्य प्राप्ति सम्म पुऱ्याउने छ भन्ने विश्वास लिन सकिन्छ ।

मायो र फलेटको सिद्धान्त अनुसार विद्यालय व्यवस्थापनको महत्वपूर्ण पक्षको रुपमा रहेको आर्थिक अवस्थालाई प्रभावकारी बनाउन विद्यालका सरोकारवाला व्यक्ति र निकाय बिचमा के कस्तो समन्वय गरिएको छ, विद्यालयको आर्थिक व्यवस्थापन अन्तर्गत स्रोत संकलन र परिचालनमा सहभागिता मूलक प्रणालीको अभ्यास के कसरी गरिएको छ, स्थानीय स्तरबाट आपसी समन्वय गरी स्रोत संकलन एवम् परिचालनमा के कस्तो भूमिका निर्वाह भएको छ छैन भनी हेर्ने प्रयास गरिएको छ । यसैगरी विद्यालयको आर्थिक स्रोत व्यवस्थापनमा देखिएका समस्याहरु समाधाानको लागि प्र.अ., वि.व्य.स., शिक्षक र समुदाय बिचमा आपसि समन्वय र सहकार्य हुने गरेको छ वा छैन, विद्यालयको आर्थिक योजना निर्माण, कार्यान्वयन एवम् मूल्याकंनमा समुदायको

संलग्नता भएको छ छैन र समुदायद्वारा विद्यालायको व्यवस्थापनको जिम्मा लिए पश्चात विद्यालय र समुदाय बिचमा सिधा सम्पर्क भई विद्यालयको आर्थिक व्यवस्थापनको सम्पर्क भई विद्यालयको आर्थिक व्यवस्थापनको साथै समग्र गुणस्तर विकासमा सुधार भएको छ छैन भनी हेर्ने यो सिद्धान्तको प्रयोग गरिएको छ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा पारेको प्रभाव शीर्षकमा गरिएको यस अनुसन्धानले सम्पूर्ण विषय वस्तु समेट्न नसकिएता पनि यससँग सम्बन्धित विषय वस्तुमा शोध तथा अनुसन्धान गर्ने शोधकर्तालाई अवश्य मार्गदर्शन मिलि बलियो आधार बन्न सक्छ । शिक्षा क्षेत्रमा रकमको खोलो बगाउने विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुलाई एक सन्दर्भ सामग्रीको रुपमा लिन सकिन्छ । लगानी मात्र वृद्धि गर्ने तर त्यसको प्रतिफल प्रति ध्यान नदिने वर्गलाई समेत यसले घच्घच्याउन सफल रहन्छ । विद्यार्थीहरुमा सृजनशीलता र कौशलताको विकास गर्दै दक्ष्य र योग्य नागरिक तयार पार्न मद्दत पुऱ्याउानुका साथै शिक्षक र विद्यार्थीहरु बिचको दुरीलाई घटाएर सामित्यमा हटाउने जुन प्रयास अतिरिक्त क्रियाकलापले गर्दछ । यो भन्दा नजिक ल्याउने उपाय साय अरु छैन होला अभिभाावक र विद्यालय परिवारलाई अतिरिक्त क्रियाकलाप प्रति सबैको चासो वृद्धि गर्न यो शोध कार्य उपयुक्त रहेको छ ।

सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका शिक्षा क्षेत्रमा धेरै उपयोगी रहेका छन् । अनुसन्धान कार्य वास्तवमा जटिल विषयवस्तु भएकोले अनुसन्धानकर्ता वा शोधकर्ताले आफ्नो विषयवस्तुसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, अनुसन्धान प्रतिवेदन तथा सन्दर्भ स्रोत एवम् अन्य विभिन्न विषयवस्तुको प्रयोग गर्ने गर्दछ । जसले गर्दा शोधकार्यलाई उक्त अनुसन्धानको निष्कर्षमा पुग्न सजिलो हुन्छ । जसले शिक्षा क्षेत्रमा आइपर्ने समस्याहरु कक्षा व्यवस्थापन, विद्यालय व्यवस्थापन, शिक्षक, विद्यार्थी तथा अभिभावकहरुलाई समाधाानका लागि सहयोग पुगेको छ ।

आफ्नो अनुसन्धानको आधारशिला निर्माण गर्न तथा अनुसन्धान गर्न लागिएको विषयवस्तु प्रति यस अघि के कस्ता अध्ययन भइसकेका छन् ? जानकारीका लागि पूर्व साहित्यको समीक्षा गर्नु अनिवार्य छ । शाोधकर्ताले पनि अतिरिक्त क्रियाकलापले विद्यालयको शैक्षिक व्यवस्थापनमा धेरै प्रभाव वपार्नका निम्ति पहिले भएका अनुसन्धान प्रतिवेदन सारालाई प्रस्तुत गरिएको छ । शोधकर्तालाई सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाकाले आफ्नो अध्ययनलााई उचित मार्गदर्शन प्रदान गर्न सहयोग गर्दछ । आफ्नो विषयवस्तुसँग सम्बन्धित पाठ्यपुस्तक अनुसन्धान प्रतिवेदन, थेसिस आदिलाई आधार मानी शोधकर्ता अगाडि बढ्ने गर्दछ भने सैद्धान्तिक खाकाले सिद्धान्तको बारेमा ज्ञान दिई विषयवस्तुलाई पुष्टि गर्न सहयोग पुगेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

प्रस्तुत शोधपत्रमा उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्नका लागि अनुसन्धानको ढाँचा, जनसंख्या र नमुना छनौट प्रक्रिया, तथ्यांक संकलन प्रक्रिया र तथ्यांकको व्याख्या र विश्लेषणलाई यस परिच्छेदमा निम्न शीर्षकहरुमा प्रस्तुत गरिएको छ :

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत शोध अध्ययनको उद्देश्य हासिल  गर्ने अपेक्षा गरि वनाइएको योजना अनुसन्धान ढाँचा हो । यस अनुसन्धानको उद्देश्य पुरा गर्नका लागि संकलन तथा विश्लेषण गरिएको तथ्याङ्कको स्वरुप सांख्यिक नभएर शाब्दिक रहेको छ । यो अनुसन्धान भावनात्मक र लचिलो प्रवृतिले सामान्यिकरण गर्न कठिन महसुस भएकोले यस अध्ययन त्यहाँको प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । यस अध्ययन गुणात्मक ढाँचाको अनुसन्धानमा आधारित हुने भएकाले खुला प्रश्नावली, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेजबाट  प्राप्त तथ्याङ्क संकलन गरिएको छ । अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कहरुमा मानिसका विचार धारणलाई वाक्यासंका रुपमा संकलन गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमुना छनौट

प्रस्तुत शोधकार्य नवलपरासी जिल्लाको मध्यबिन्दु नगरपालिका वडा नं. ६ अन्तर्गत रहेका मा.वि., नि.मा.वि. र प्रा.वि. हरुमा श्री जनता मा.वि. हर्दिया, श्री लाली गुराँस प्रा.वि., श्री गोसाईबाबा प्रा.वि., श्री दुर्गा नि.मा.वि. गरी जम्मा ४ वटा विद्यालयमा सिमीत गरिएको छ । जसलाई गोलाप्रथा विधिबाट छनोट गरिएको छ ।  छनोटमा परेका विद्यालयमा सम्भावना रहित नमुना छनोट विधिका आधारमा प्र.अ. ४, शिक्षक

२।२ का दरले जम्मा ८ , अभिभावक २।२ का दरले ८, विद्यार्थी ५।५ का दरले २०, वि.व्य.स. अध्यक्ष ४ जना  तथा स्रोतव्यक्ति १ सहित जम्मा ४५ जनालाई प्रस्तुत अध्ययनको जनसंख्यायको रुपमा छनोट गरिएको छ ।

**३.३. तथ्याङ्कका स्रोतहरू**

अनुसन्धान कार्यको विषय वा समस्याको बारेमा खोज गर्दा विभिन्न स्रोतहरूलाई आधार मान्नु आवश्यक रहन्छ । यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्धितिय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई आधार मानी तथ्यांक संकलन गरिएको छ ।

**३.३.१ प्राथमिक स्रोत**

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत छलफल तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइएको छ । जसमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा उल्लेखित अन्तवार्ता प्रश्नावालीहरूका आधारमा प्रयोग गरिएको छ ।

**३.३.२ द्धितिय स्रोत**

द्धितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धीत विद्यालयका अभिलेखहरू, पत्रपत्रिकाहरू, अप्रकाशित सोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिएको छ ।

**३.४तथ्यांकका साधनहरु**

प्रस्तुत अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्ने क्रममा निम्नानुसारका तथ्यांक संकलनका साधनहरु प्रयोग गरिएको छ :

### ३.४.१ अन्तरवार्ता प्रश्नावली

यस अन्तरगत छनोटमा परेका विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्रोतव्यक्ति, शिक्षकहरुसँग भेट गरि अनुसूचीमा उल्लेखित  प्रश्नावलीका आधारमा शिक्षक, विद्यार्थी, वि.व्य.स., अभिभावक र प्र.अ.लाई अ २ देखि ५ सम्मको अनुसूचीका आधारमा अन्तरवार्ता प्रश्नावलीको प्रयोग गरि विद्यालयमा कर्मचारी व्यवस्थापन र त्यसमा देखिएका समस्या तथा  सुझाव समेतमा आवश्यक जानकारीहरु संकलन गरिएको छ ।

### ३.४.२ अवलोकन फारम

यस अन्तरगत छनोटमा परेका विद्यालय अतिरिक्त क्रियाकलाप व्यवस्थापानको वर्तमान अवस्था, अतिरिक्त शिक्षकलाई दिइने सेवा सुविधा, विद्यार्थीहरुलाई गराइने अतिरिक्त क्रियाकलाप जस्ता कार्यकलापहरुको वास्तविक तथ्य पत्ता लगाउनका लागि अनुसूची १ मा उल्लेखित अवलोकन फारमको प्रयोग गरी तथ्यांक संकलन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनका लागि छनोटमा परेका अध्ययन स्तलका प्र.अ., शिक्षक, विद्यार्थी, स्रोतव्यक्ति, वि.व्य.स.सँग अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूची मा उल्लेख गरिएका प्रश्नावलीहरुको आधारमा तथ्यांक संकलन गरिएको । त्यस्तै गरी द्वितीय तथ्यांक संकलनका लागि विभिन्न लेख रचनाहरु, पत्रपत्रिका, बुलेटिन, शोधपत्र र सम्बन्धित द्यिालयका अभिलेखहरुलाई आधार बनाइएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अनुसन्धानका क्रममा छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर प्राथमिक तथा द्वितीय तथ्यांकका स्रोतको प्रयोग गरी तथ्यांक संकलन गर्दा प्राप्त

तथ्यांकहरु केवल कच्चा पदार्थको रुपमा मात्र रहने हुँदा त्यसलाई उपयुक्त ढंगले व्याख्या एवम् विश्लेषण गरी उद्देश्य अनुसार पूर्णता प्रदान गर्नु पनि शोधकर्ताको दायित्व अन्तर्गत पर्दछ । यो अध्ययन गुणात्मक प्रकृतिको हुने हुँदा संकलित तथ्याङ्कहरूको विश्लेषण र व्याख्या वर्णनात्मक रूपमा गरिएको छ र विद्यालयमा अतिरिक्त क्रियाकलापको व्यवस्थापनका बारेमा प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स., कस्रोतव्यक्तिहरुसँगको छलफल तथा अन्तरक्रिया एवम् अवलोकनबाट प्राप्त जानकारीहरुलाई वर्णनात्मक ढंगबाट विश्लेषण गरिनुका साथै आवश्यक तथ्यांकहरुलाई तालीकीकरण समेत गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्यांकको व्याख्या तथा विश्लेषण

सामुदाकिय विद्यालयमा अतिरिक्त क्रियाकलापले विद्यालयको शैक्षिक व्यवस्थापनमा पारेको प्रभाव सम्बन्धी विषयमा गरिएको प्रस्तुत शोधकार्यलाई पूर्णता प्रदान गर्नका लागि छनोटमा परेका अध्ययन स्थलमा शोधकर्ता प्रत्यक्ष रुपमा उपस्थित भई संकलन गरेका प्रश्नावली तथा अध्ययन स्थलको अवलोकन फारमबाट प्राप्त जानकारीलाई विभिन्न शीर्षकमा विभाजन गरी उद्देश्य अनुसार नतिजाको विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ४.१ अतिरिक्त क्रियाकलाप व्यवस्थापनको वर्तमान अवस्था

अतिरिक्त क्रियाकलाप मानिसका लगि अपरिहार्य तत्वका रुपमा लिन सकिन्छ । कुनै पनि बालबालिकालाई सक्षम नागरिक तयार गर्नका लागि उसलई किताबी ज्ञानले मात्र पर्याप्तता हुँदैन । बालबालिकालाई किताबी ज्ञानसँग विविध अतिरिक्त क्रियाकलापहरु गराएर व्यवहारिक तथा प्राविधिक ज्ञानको समेत मृद्धि गराउने कार्य विद्यालय परिवारको दायित्व अन्तर्गत पर्दछ । छनोटमा परेका विद्यालयमा बालबालिकालाई के कस्ता अतिरिक्त क्रियाकलापहरु गराउँदै आइएको छ, अतिरिक्त क्रियाकलाप र शैक्षिक उपलब्धि बिचको सम्बन्ध के कस्तो रहेको छ , भन्ने जस्ता प्रश्नहरुलाई मध्यनजर गर्दै विद्यार्थी, अभिभावक स्रोतव्यक्तिलाई छुट्टा छुट्टै अन्तरवार्ता प्रशनावली तयार गरी अतिरिक्त क्रियाकलापको वर्तमान अवस्थाका बारेमा जानकारी प्राप्त गरिएको थियो ।

नवलपरासी जिल्ला मध्यबिन्दु ६ अन्तर्गत रहेका श्री जनता मा.वि. हर्दिया, श्री लालीगुँरास प्रा.वि., श्री गोसाईबाबा प्रा.वि., श्री दुर्गा नि.मा.वि. मा अतिरिक्त क्रियाकलापको लागि अतिरिक्र क्रियाकलाप समिति र अतिरिक्त क्रियाकलाप संयोजक छुट्याइएको पाइयो । हरेक शुक्रबारका दिन अतिरिक्त क्रियाकलापका संयोजकको निर्देशनमा शिक्षकहरु मिलेर

उनीहरुको उमेर र स्तर अनुसार विभिन्न अतिरिक्त क्रियाकलापमा विद्यार्थीलाई सरिक गराउँदै आएको तथ्य विद्यालय प्र.अ. एवम् शिक्षकबाट जानकारी प्राप्त भएको छ ।
छनोटमा परेका सबै विद्यालयमा सिकाइने अतिरिक्त क्रियाकलापहरु एकै प्रकारका रहेको तथ्य समेत अध्ययन अनुसन्धानका क्रममा शिक्षक तथा विद्यार्थीबाट जानकारी प्राप्त भएको थियो । पाठसँग सम्बन्धित अतिरिक्त क्रियाकलापहरुका साथै समयसापेक्षका अतिरिक्त क्रियाकलापहरु जस्तै फूटबल, भलिबल, व्यामहरु, सरसफाइ सम्बन्धी क्रियाकलापहरु, चित्रकोर्ने, नक्सा बनाउने, हाँजिरीजवाफ, कविता प्रतियोगिता , हिज्जे निबन्ध लेखन, बादविवाद, दौड जस्ता विभिन्न अतिरिक्त क्रियकलाप गर्दै आएको पइयो । अतिरिक्त क्रियाकलापलाई शारीरिक, बौद्धिक र साहित्यिक गरी ३ चरणमा विभाजन गरेर बालबालिकालाई ज्ञान आर्जन गराउँदै आएको तथ्य समेत अध्ययनका क्रममा विद्यार्थी तथा शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । छनोटमा परेका विद्यालयमा विद्यालयमा अतिरिक्त क्रियाकलापको वर्तमान अवस्था पहिचान गर्ने क्रममा निम्न लिखित उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

### ४.१.१ विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलापहरु

छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापको वर्तमान अवस्थाका बारेमा अध्ययन गर्ने क्रममा छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीहरुको चौतर्फी विकासका लागि बालबालिकालाई विभिन्न अतिरिक्त क्रियाकलापमा संलग्न गराउँदै आएको पाइयो । छलफल, अन्तरक्रिया एवम् अवलोकन अनुसार छनोटमा परेका सबै विद्यालयमा शारीरिक क्रियाकलाप अन्तर्गत फूटबल, भलिबल, कपड्डी, खोखो, व्यायमलगायत शारीरिक क्रियाकलापसँग सम्बन्धित अन्ज्य अतिरिक्त क्रियाकलापहरु गराउँदै आएको पाइयो भने बौद्धिक क्रियाकलाप अन्तर्गत हाजिरी जवाफ, वादविवाद, वक्तृत्वकला र साहित्यिक क्रियाकलाप अन्तर्गत कथा, कविता, निबन्ध, एकांकी कथा जस्ता क्रियाकलापलाई प्रयोगमा ल्याउने गरेको तथ्य अनुसनधानबाट प्राप्त भएको छ ।

### ४.१.२ अतिरिक्त क्रियाकलापका लागि आवश्यक सामग्रीहरु

कुनै पनि बालबालिकालाई अतिरिक्त क्रियाकलापमा सरिक गराउनका लागि यो क्रियाकलापसँग सम्बन्धित आवश्यक सामग्रीको उचित व्यवस्थापन गरिएको हुनु पर्दछ । जसले गर्दा बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलाप गर्न तथा सहजरुपमा ज्ञान आर्जन गर्न का लागि सहयोग पुग्दछ । विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुका लागि आवश्यक सामग्री के कसरी व्यवस्थापन गरिएको छ ? प्रयाप्त मात्रामा सामग्रीको व्यवस्थापन हुन सकेको छ कि छैन भन्ने जस्ता कुराहरुलाई दृष्टिगत गर्दै विद्यालयका प्र.अ. शिक्षक, विद्यार्थी तथा अवलोकन फारमका आधारमा गरिएको अध्ययन अनुसन्धान अनुसार छनोटमा परेको विद्यालय श्री जनता मा.वि., हर्दियामा अतिरिक्त क्रियाकलापहरु शारीरिक, बौद्धिक, साहित्यिक गरी तीन चरणमा विभाजन गरेर अध्यापन गराउँदै आएको पाइयो ।

शारीरिक क्रियाकलाप तर्फ फूटबल, भलिबल, कपड्डी, खोखो, व्यायम लगायत अन्य क्रियाकलाप समेत हुने गरेको जसका लागि आवश्यक सामग्रीहरु स्थानीय स्तरबाटै जुटाउने प्रयास गरिएको तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ । आवश्यक सामग्रीहरु स्थानीय स्तरबाटै जुटाउने प्रयास गरिएको, उपलब्ध हुन नसकेका सामग्रीहरु बजारबाट किनेर ल्याउने गरेको तथ्य समेत शिक्षक एवम् विद्यार्थीबाट जानकारी प्राप्त भएको थियो । बौद्धिक तथा साहित्यिक क्रियाकलाप अन्तर्गत हाँजिरी जवाफ, बाद विवाद, वक्तृत्वकला, कथा , कविता, एकांकी जस्ता थुप्रै क्रियाकलापहरु गराउँदै आएको जससँग सम्बन्धित सामग्रीहरु सामान्य ज्ञान विभिन्न अतिरिक्त पुस्तकहरु, कविता, कथा तथा निबन्धका किताबहरु विद्यालयको पुस्तकलायमा उपलब्ध गराइएको पाइयो ।

अध्ययन अनुसन्धान तथा शिक्षक विद्यार्थी, प्र.अ.बाट प्राप्त जानकारी अनुसार श्री लाली गुँरास प्रा.वि.मा पनि अतिरिक्त क्रियाकलापलाई तीन चरणमा नै विभाजन गरिएको, जसकाा लागि आवश्यक सामग्रीहरु स्थानीय स्तरबाट नै जुटाउने प्रयास भएको भए पनि

स्थानीय तवरबाट जुटाउन नसकेका सामग्रीहरु बजारबाट किनेर ल्याउनु पर्ने भएको हुँदा त्यस्ता सामग्रीहरु कममात्रामा उपलब्ध हुनुका साथै भनेको समयमा उपलब्ध गराउन नसकिएको तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

अध्यय अनुसन्धानकै क्रममा विद्यालयका शिक्षकहरुबाट प्राप्त जनकारी अनुसार श्री दुर्गा आधारभूत विद्यालयमा पनि अतिरिक्त सामग्रीहरु सम्भव भएसम्म सामग्रीहरु स्थानीय स्तरमा नै जुटाउने प्रयास भएको तथा स्थानीय स्तरबाट जुटाउन नसकेका सामग्रीहरु कुनै बथजारबाट किनेर ल्याउनु पर्ने तथा कुनै कुनै सामग्रीहरु विभिन्न संघ संस्थाले समेत सहयोग गनृ गरेको तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

त्यस्तै अध्ययन तथा अनुसन्धानका क्रममा विद्यालयका प्र.अ.बाट प्राप्त तथ्य अनुसार श्री गोराई बाबा प्रा.वि.मा पनि अतिरिक्त सामग्रीहरु स्थानीय स्तरमा जुटाउन बालबालिका साना भएकाले शिक्षकहरले मात्र सम्भव भए सम्मका सामग्री जुटाउने प्रयास गरीएता पनि धेरै मात्रामा बजारबाट किनेर ल्याउने गरेको र यसरी बाहिरी सामग्रीहरुबाट बालबालिका बढी प्रभावित हुने गरेको तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त एको थियो ।

### ४.१.३ अतिरिक्त क्रियाकलापका लागि आवश्यक योजनाहरु

विद्यालयमा अध्ययनरत बालबालिकाहरुलार्य अतिरिक्त क्रियाकलाप गराउदाँ के कसरी योजना बनाएर गर्ने गरिएको छ भन्ने सम्बन्धमा जानकारी पहिचान गर्नका लागि गरिएको प्रश्नावलीबाट प्राप्त जानकारी अनुसार विद्यालयका बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलाप गराउनका लागि कुनै पनि त्यस्तो दीर्घकालीन योजना नरहेको तथा विद्यालयको एउटा छुट्टै क्यालेन्डर रहेको र जसमा हरेक शुक्रबारका दिन अतिरिक्त क्रियाकलाप तोकिएको तथ्य प्राप्त भएको छ सोही अनुसार विद्यालयमा अतिरिक्त क्रियाकलाप हुँदै आइरहेको तथ्य छनोटमा परेका सबै विद्यालयमा शिक्षक, एवम् प्र.अ.ले जानकारी दिनुभएको थियो ।

विद्यालयको अभिभावक दिवसका समयमा बालबालिकालाई बढी मात्रामा अतिरिक्त क्रियाकलाप गराउने लक्ष्य राख्ने गरेको  र अन्य समयमा पनि आवश्यकता अनुसार अतिरिक्त क्रियाकलापमा सहभागी गराई  मननोरञ्जनपूर्ण ढंगबाट विद्यार्थीलाई अध्ययन कार्यमा सहभागी गराउँदै आएको तथा विशेष गरी शुक्रबारका दिन बालबालिकाहरुलाई विद्यालयको शैक्षिक क्यालेण्डर अनुसार विविध सांस्कृतिक, बौद्धिक, शारीरिक क्रियाकलापहरु गराउने गरेको साथै निर्धारित समयमा पाठ नभ्याइने तथा परीक्षामा केन्द्रित हुनुपर्ने जस्ता बाध्यताले गर्दा हरेक शुक्रबारका दिन तेस्रो पिरियड पछि मात्र अतिरिक्त क्रियाकलाप गराउने गरेको तथ्य अध्ययनका क्रममा जनकारी प्राप्त भएको थियो । त्यसै गरी दशै, तिहार, तीज जस्ता चाडपर्वहरुमा चाडर्पव अनुसारका क्रियाकलाप गराउने योजनाहरु गरिएको जस्तै : तीजमा विभिन्न तीज विशेष कार्यक्रमहरु राखी छात्राहरुलाई तीजगीत सम्बन्धी अभ्यास गराएर प्रतियोगितामा समेत सहभागी गराउने गरेको तथ्य अध्ययन अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । त्यसैगरी बडादशैका समयका समयमा विभिन्न शुभकामना आदान प्रदान सम्बन्धी क्रियाकलापहरु गराउँदै आएको पायो भने तीहारमा विद्यालयको आर्थिक संकलनका तथा विद्यार्थीलाई मनोरञ्जन गराउने अभिप्रायले देउसी भैलो कार्यक्रमको आयोजना गर्ने गरेको तथा जीतिया पर्वमा थारु छात्राहरुले आफ्नो संस्कृति अनुसारको भेषबनाएर नृत्य गरी मनोरञ्जन गराउँदै आफ्नो परम्परालाई जोगाउँदै आएको तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ ।

### ४.१.४ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको स्थिति

विद्यालयमा गराइने अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता के कस्तो रहेको छ ? कस्ता विद्यार्थीले कस्ता क्रियाकलापमा बढी रुचि देखाउँछन्, कस्ता कस्ता क्रियाकलापमा विद्यार्थीको रुचि बढी हुने गरेको छ भन्ने जस्ता कुराहरुको सम्बन्धमा छनोटमा परेका विद्यालयका विद्यार्थी, शिक्षक एवम् प्र.अ.सँग गरिएको प्रश्नावली एवम् छलफल अनुसार विद्यालयमा सदन अनुसार विविध प्रकारका क्रियाकलापमा विद्यार्थीलाई सहभागी गराउँदै आएको तथ्य अध्ययनका क्रममा शिक्षकहरुबाट जानकारी प्राप्त भएको

छ । विद्यालयमा विभिन्न सदन छुट्याएर अतिरिक्त क्रियाकलापमा सहभागी गराउने गरेको तथ्य छनोटमा परेका ४ वटै विद्यालयबाट जानकारी प्राप्त भएको छ । सदनका बालबालिकाहरु आफ्नो सदनलाई जिताउनका लागि सकेसम्म लागि पर्ने गरेको भन्ने उत्तर २ वटा विद्यालयहरुबाट जानकारी प्राप्त भएको छ । विद्यालयको शारीरिक क्रियाकलाप जस्तै फूटबल, भलिबल, खोखो, जस्ता क्रियाकलापमा सबै जसो विदार्थी सहभागी हुने गरेको पाइयो । हाजिरी जवाफ, बादविवाद, बक्तित्वकला जस्ता बौद्धिक क्रियाकलापमा पढाइमा जेहेन्दार विद्यार्थीले बढी मात्रामा रुचि देखाएर सहभागी हुने गरेको र कमजोर विद्यार्थीहरु भागलिन नमान्ने गरेको भन्ने उत्तरहरु अध्ययनका क्रममा विद्यालय शिक्षक एवम् प्र.अ.बाट जानकारी प्राप्त भएकोछ ।

त्यसैगरी साहित्यिक क्रियाकलापमा पनि कविता, व्यायममा रुचि राख्ने बालबालिकाहरु कम मात्रामा रहने गरेको पाइयो । साहित्यिक क्रियकलपमा जेहेन्दार विद्यार्थी भन्दा पनि पढाइमा मध्यम तहका विद्यार्थीहरु बढी भाग लिने गरेको भन्ने उत्तरहरु अध्ययनका क्रममा शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

### ४.१.५ अतिरिक्त क्रियाकलापको व्यवस्थापन

छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापको व्यवस्थापन पक्ष के कस्तो रहेको छ भन्ने जस्ता कुराको जानकारी प्राप्त गर्नका लागि अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा उल्लेखित अवलोकन फारम तथा प्रश्नावलीका आधारमा जानकारी प्राप्त गरिएको थियो जसबाट प्राप्त जानकारी अनुसार छनोटमा परेका विद्यालयमा प्रा.वि., निमा.वि. र मा.वि. तहमा अध्ययनरत बालबालिकालाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदा उनीहरुको तह अनुसार सहभागी गराउने गरेको पाइयो ।

यस तह अनुसार विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदा प्रा.वि. तहमा अध्ययनरत विद्यार्थीकाा लागि भित्रबाहिर, तातो आलु कवड्डी, खोखो, फूटबल जस्ता

क्रियाकलाप गराउने गरेको पाइयो । उनीहरुको बौद्धिक विकासका लागि निबन्ध प्रतियोगिता, चित्रकला प्रतियोगिता, अक्षरलेखन प्रतियोगिता जस्ता क्रियाकलाप पनि शिक्षकको प्रत्यक्ष उपस्थितिमा गराउने गरेको भन्ने जस्ता उत्तहरु अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयका शिक्षक एवम् प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

नि.मा.वि. र मा.वि. तहमा गराउने क्रियाकलापहरु एकै प्रकारका भएर पनि उनीहरुको उमेरगत हिसाबले एउटै समूहमा गराउन नमिल्ने भएको हुादा नि.मा.वि. र मा.वि.का विद्यार्थीलाई भिन्दा भिन्दै समूहमा विभाजन गरी क्रियाकलाप गराउँदै आएको पाइयो । नि.मा.वि. तथा मा.वि. तहमा विद्यार्थीलाई गराईने अतिरिक्त क्रियाकलापका बारेमा जानकारी प्राप्त गर्दा शारीरिक क्रियाकलाप अन्तर्गत फूटबल, भलिबल, कपड्डी, व्याम, दौड जस्ता क्रियाकलापहरु गराउने गरेको पाइयो । बौद्धिक तथा मनोरञ्जनात्मक क्रियाकलाप अन्तर्गत हाजिरी जवाफ, बादविवाद, कक्तृत्वकला विभिन्न सांस्कृतिक क्रियाकलापहरु गराउने गरेको तथ्य प्र.अ., शिक्षक तथा वि.व्य.स. का अध्यक्षसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । साहित्यिक क्रियाकलाप अन्तर्गत कविता, निबन्ध, एकांकी जस्ता क्रियाकलापहरुलाई समावेश गरी व्यवस्थापन गर्दै आएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.२ अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा पारेको प्रभाव

कुनै पनि बालबालिकाहरुमा प्रदान गरिने अतिरिक्त क्रियाकलापले उसको शारीरिक तथा बौद्धिक विकासमा सहयोग पुऱ्याउन सक्दछ । किताबका माध्यमबाट भन्दा खेलविधि एवम् व्यवहारिक तवरबाट ज्ञान प्रदान गर्दा बालबलिकाले सहज ढंगबाट बुझ्न सक्नुका साथै धेरै लामो समयसम्म त्यसलाई स्मरणमा राख्न सक्दछन् ।

अतिरिक्त क्रियाकलापले बालबालिकाको सर्वाङ्गिण पक्षको विकास गर्नुका साथै बालबालिकाको शिक्षा आर्जन गर्नको लागि एक आधार शिक्षा भएका कारण अनुसन्धान गर्न खोजिएको विषयमा अतिरिक्त क्रियाकलाप र शेक्षिक व्यवस्थापन बिचमा के कस्तो सम्बन्ध रहेको छ भन्ने जानकारी प्राप्त गर्नका लागि अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा जानकारी प्राप्त गरिएको छ । यसरी गरिएको अनुसन्धान कार्यमा सबैजसो उत्तरदाताबाट विद्यालयमा बालबालिकाहरुलाई शिक्षा प्रदान गर्दा किताबी ज्ञानलाई मात्र सीमित नगरी सोही अनुसार विभिन्न क्रियाकलाप गराएर खेलविधिको माध्यमले अध्यापन गराउन सकेका खण्डमा शैक्षिक उपलब्धि समेत प्रभावकारी हुन सक्ने भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । साथै दीगो र व्यवहारिक सिकाइका लागि अतिरिक्त क्रियाकलापले सहजता हुन सक्ने तथ्य समेत अध्ययनका क्रममा प्राप्त भएको छ ।

यसरी छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा के कस्तो प्रभाव पार्दछ भन्ने कुरालाई दृष्टिगत गर्दै अनुसन्धानमा परेका श्री जनता मा.वि., हर्दिया, श्री दुर्गा आधारभूत विद्यालय, श्री लाली गुँरास प्रा.वि., श्री गोसाइ बाबा प्रा.वि.मा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त विवरणलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

अध्ययनका लगि छनोटमा परेको विद्यालय श्री जनता मा.वि., हर्दियामा अतिरिक्त क्रियाकलापको अवस्थालाई हेर्दा त्यस विद्यालयमा प्रदान गरिँदै आइएका विविध अतिरिक्त क्रियाकलापहरु सन्तोषजनक रहेको पाइयो । विद्यालयमा एक एक जना अतिरिक्त क्रियाकलाप प्रमुख रहेको तथ्य छनोटमा परेका सबै विद्यालयबाट जानकारी प्राप्त भएको छ । अतिरिक्त क्रियाकलापहरु गराउँदा सदन अनुसार गर्ने परिपाटी रहँदा बालबालिकालाई समूहमा काम गर्ने बानीको विकास हुनुका साथै शिक्षक विद्यार्थी बिचमा सुमधुर सम्बन्ध कायम गर्नका लागि थप सहयोग पुगेको भन्ने उत्तरहरु प्राप्त भएको छ ।

विद्यालयबाट प्राप्त भएको तथ्यलाई विश्लेषण गर्दा यस विद्यालयमा अतिरिक्त क्रियाकलापलाई भन्दा पनि बढी सैद्धान्तिक ज्ञानमा जोड दिनु परेको भन्ने उत्तरहरु विद्यायका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा अतिरिक्त क्रियाकलापलाई प्रभावकारी ढंगबाट गर्न सकेका खण्डमा दिगो र जीवनोपयोगी शिक्षण हुन सक्ने भन्ने कुरामा विद्यालयका शिक्षकहरुको धारणा रहेको पाइन्छ । यस विद्यालयमा एउटा हलकोठा रहेको तथ्य अनुसन्धानकर्ताको प्रत्यक्ष अवलोकनबाट जानकारी प्राप्त गरिएको छ । जसमा प्रोजेक्टर सहित रहेको विद्यार्थीलाई खाली पिरियडहरुमा समेत हलकोठामा लगि प्रोजेक्टरका माध्यमबाट शिक्षा मूलक कार्यक्रम देखाई उचित किसिमको खाली पिरियड व्यवस्थापन गरिएको तथ्य अध्ययनका क्रममा शिक्षक, विद्यार्थी तथा प्र.अ.बाट जानकारी प्राप्त भएको छ । यस विद्यालयमा प्रत्येक शुक्रबार तेस्रो पिरियडपछि  र वार्षिकोत्सवको समयमा सृजनात्मक, स्वास्थ्य जस्ता विषयहरु अध्ययनको समयमा बालबालिकालाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदै आएको पाइयो । साथै साना कक्षाहरुमा कुनै एउटा पिरियडमा अतिरिक्त क्रियाकलापको पिरियड नै भनेर समेत छुट्याइएको कारण बालबालिकाकाको शैक्षिक उपलब्धि वृद्धि हुनुका साथै विद्यार्थी स्वयं सहभागी भई विभिन्न क्रियाकलापहरु गर्ने , क्रियाकलापमा भाग लिने हुँदा शैक्षिक व्यवस्थापन  समेत राम्रो भएको छ । अतिरिक्त क्रियाकलापका माध्यमले शैक्षिक अवस्था, प्रतिष्पर्धात्मक हुनुका साथै खाली पिरियडको उचित रुपमा व्यवस्थापन भएको तथ्य प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकसँगको अन्तगरवार्ता प्रश्नावलीबाट जानकारी प्राप्त भएको छ ।

यसरी छनोटमा परेको विद्यालय श्री दुर्गा आधारभूत विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्था र अतिरिक्त क्रियाकलाप व्यवस्थापनको बारेमा अध्ययन गर्दा त्यस विद्यालयमा पनि प्रायजसो हरेक शुक्रबार शुक्रबारको दिन अतिरिक्त क्रियाकलाप हुने, अतिरिक्त क्रियाकलापका निम्ति हरेक शिक्षक शिक्षिकाहरु एक आपसमा मिलेर कार्यक्रम सञ्चालन गर्ने र विद्यार्थीलई उनीहरुको शारीरिक अवस्था, बौद्धिक क्षमता अनुसार सकेसम्म बढी भन्दा बढी मात्रामा सहभागी गराउन उत्प्रेरित गराउने गरेको तथ्य प्र.अ.सँगको

अन्तरवार्ता प्रश्नावलीबाट जानकारी प्राप्त भएको छ । त्यहाँको शैक्षिक व्यवस्थापनमा विगत केही वर्ष देखि सुधार हुँदै आएको पाइन्छ ।

यसरी शैक्षिक व्यवस्थापन राम्रो रहनुमा बालबालिकाहरुलाई विभिन्न क्रियाकलापहरुमा सरिक गराएर खेल विधिको माध्यमबाट अध्यापन गराउनु प्रमुख कारण रहेको पाइयो । त्यस विद्यालयमा विद्यार्थीलाई गराइने अतिरिक्त क्रियाकलापको सम्बन्धमा अनुसन्धान कर्ताको अवलोकन तथा प्रश्नावलीका क्रममा प्राप्त तथ्य अनुसार शिक्षक अभिभावक तथा विद्यालय प्रशासनमा  पनि विविध क्रियाकलापका माध्यमबाट अध्यापन गराउँदा विद्यार्थीहरुले ध्यानपूर्वक  रुची लिएर पढ्ने हुनाले पढाइ दिगो र व्यवहारिक हुन सक्दछ भन्ने धारणा रहेको पाइयो ।

यसरी छनोटमा परेको अर्को विद्यालय श्री लाली गुराँस प्रा.वि.मा पनि शिक्षकहरुले पाठसँग सम्बन्धित अतिरिक्त क्रियाकलापका साथसाथै अन्य बौद्धिक क्रियाकलापहरुमा समेत उपलब्धि भएको भन्ने जस्ता तथ्यहरु विद्यार्थीहरुसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । विद्यालयमा बालबालिकाहरुलाई मनोरञ्जनपूर्ण वातावरणको सृजना गर्नुका साथै पाठ्यपुस्तकसँग मात्र सम्बन्धित नगराई विभिन्न अतिरिक्त क्रियाकलापहरु गराएर समय सापेक्ष दक्ष जनशक्ति तयार गर्नु पर्दछ भन्ने मान्यता सबै अभिभवक तथा शिक्षकहरुमा रहेको पाइयो ।

छनोटमा परेको अर्को विद्यालय श्री गोसाइबाबा प्रा.वि.मा अतिरिक्त क्रियाकलापको अवस्था के कस्तो रहेको  छ भन्ने बारेमा जानकारी पहिचानका लागि विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षकहरुसँग गरिएको अन्तरवार्ता तथा अनुसन्धानकर्ता स्वयं उपस्थित भएर गरिएको अवलोकन अनुसार यस विद्यालयमा पनि अतिरिक्त क्रियाकलपाको अवस्था सबल नै रहेको देखिन्छ ।

छनोटमा परेका ४ वटै विद्यालयहरको अतिरिक्त क्रियाकलापका अवस्थालाई हेर्दा अतिरिक्त क्रियाकलापको अवस्था सबल देखिएता पनि समय सापेक्ष अनुरुपको प्रभावकारी रहेको पाइँदैन । विद्यालयको आर्थिक अवस्था कमजोर हुनु, शिक्षकको पिरियडभार बढी हुनु जस्ता समस्याहरु विद्यालयमा रहेका छन् भने आर्थिक अवस्थाका कारण अतिरिक्त क्रियाकलापको निम्ति छुट्टै शिक्षक नियुक्त गर्न नसकेको तथ्य प्राप्त भएको छ । विद्यालयमा अतिरिक्त क्रियाकलापहरुलाई प्राथमिकता दिएर अध्यापन गराउने विद्यालयका बालबलिकाहरुमा निम्नानुसारको प्रभाव परेको पाइयो :

### ४.२.१ बालबालिकाको शिक्षाप्रतिको रुचि थप वृद्धि हुने गरेको

बालबालिकालाई प्रयोगात्मक तवरबाट विभिन्न खेलविधिका माध्यमबाट पाठसँग सम्बन्धित विषयवस्तुलाई अध्यापन गराउँदा उनीहरुको शिक्षाप्रति थप रुचि जागरण भएको पाइयो । जसबाट बालबालिकाहरुमा पढ्नु पर्दछ भन्ने क्षमताको वृद्धि हुनुका साथै पढाइलाई निरन्तरता दिने, पढाइप्रति आकर्षित हुने गरेको भन्ने उत्तरहरु अध्ययनका क्रममा शिक्षक एवम् अभिभाविकबाट प्राप्त भएको छ ।

### ४.२.२ सिकाइमा निरन्तरता तथा दिगो विकास

केवल किताबी ज्ञानलाई मात्र आधार बनाएर दिइने शिक्षा भन्दा विविध क्रियाकलापको माध्यमबाट दिइने शिक्षाले बालबालिकाको शैक्षिक विकासका लागि थप प्रभावकारी भएको, यसरी प्रदान गरिएको शिक्षा दिगो हुने गरेको जसबाट बालबालिकाहरुले आफ्नो व्यवहार परिवर्तन गर्न एवम् प्रयोगात्मक शिक्षा भएका कारणले गर्दा दैनिक जीवनमा समेत उपयोग गर्नुका साथै कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने जस्ता समस्याहरु कम हुने गरेको भन्ने जस्ता तथ्यहरु अनुसन्धानका क्रममा अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, विद्यार्थीहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो ।

शारीरिक तथा सृजनात्मक जस्ता विषयहरु अतिरिक्त क्रियाकलापसँग सम्बन्धित हुने जसले गर्दा बालबालिकाहरुलाई विविध खेलविधिको प्रयोग गरिने भएको हुनाले सो विषय प्रति बालबालिकाको चासो बढ्ने र पढ्नका लागि रुचि देखाउनुका साथै पढाएको पनि छिटो बुझ्ने भएकोले सिकाइमा निरन्तरता दिने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको छ ।

### ४.२.३ व्यवहारिक तथा जीवनोपयोगी सिकाइ

छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापको सम्बन्ध के कस्तो रहेको छ र यसले शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भन्ने बारेमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार खेल विधिका माध्यमबाट गरिएको शिक्षणले बालबालिकामा व्यवहारिक तथा सीपमूलक ज्ञान प्राप्त गर्नुका साथै उनीहरुको दैनिक जीवनमा समेत उपलब्धि  मुलक हुने हादा सैद्धान्तिक ज्ञानमा मात्र आधारित भएर अध्यापन गराउँदा भन्दा विविध अतिरिक्त क्रियाकलापबाट अध्यापन गराउँदा शिक्षण सिकाइ क्रियाकलाप दीगो जीवनोपयोगी र प्रभावकारी हुने गरेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.२.४ शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि सहयोग पुगेको

विद्यालयमा विद्यार्थीलाई पाठसँग सम्बन्धित क्रियाकलापहरु गराउँदा उनीहरुले आफूले गरेका क्रियाकलाप सम्झन सक्ने शक्ति बढी हुने, घोकेको, कण्ठ गरेको भन्दा आफैले गरेर सिकेको सिकाइ दिगो हुने तथा बालबालिकाले त्यसैका आधारमा परीक्षामा निर्धक्कका साथ लेख्न सक्ने हुँदा शैक्षिक उपलब्धि वृद्धि गर्नमा सहजता भएको भन्ने उत्तरहरु विद्यालयका प्र.अ., शिक्षक एवम् विद्यार्थीहरुबाट जानकारी प्राप्त भएको छ ।

छनोटमा परेको अध्ययन स्थलमा अतिरिक्त क्रियाकलापको प्रावकारितालाई अध्ययन गर्दा अतिरिक्त क्रियाकलाप प्रभावकारी ढंगले सञ्चालन भएका बालबालिकाको शिक्षा प्रति रुची

अरु वृद्धि हुने गरेको, सिकाइ निरन्तरता तथा दिगो विकास, व्यवहारिक तथा जीवनोपयोगी सिकाइ हुने गरेको पाइयो ।

### ४.२.५ नेतृत्वदायी क्षमतामा विकास भएको

छनोटमा  परेका अभिभावक र शिक्षक शिक्षिकाहरुका अनुसार विद्यालयमा विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा सहभागी बनाउँदा उनीहरुमा बोल्न सक्ने क्षमताको विकास  हुँदै गएको, धेरै पटकको साथीभाइहरुसँगको विभिन्न क्रियाकलापको सहभागिताको अधारमा विभिन्न कुराहरु सम्बन्धि ज्ञान बढ्ने, साथीहरुसँगको मेलमिलाप बढ्न गई बोल्ने क्षमताको विकास हुँदै जान्छ । यसरी स साना समुहको नेतृत्व गर्ने क्षमताको विकास भइ पछि गएर ठूलो समूहको नेतृत वगर्न सक्ने भई उसमा नेतृत्व गर्ने क्षमताको वृद्धि हुन जान्छ ।

बालबालिकाहरुको शिक्षकसँगको सम्बन्धले शिक्षण सिकाइ क्रियाकलपमा पार्ने प्रभावमा शिक्षक विद्यार्थी बिचको खराब सम्बन्ध पनि हो । यस्तो खराब सम्बन्धले सिकाइ क्रियाकलापमा वृद्धि हुन पाउँदैन । विद्यालयको अतिरिक्त क्रियाकलाप र सह अतिरिक्त क्रियाकलापमा तिनीहरुको सहभागिता घट्न जान्छ । शिक्षक विद्यार्थी बिचको मेलमिलापमा नराम्रो प्राभाव पर्न गई विद्यार्थीको आत्म बल घट्न जानाले नेतृत्व गर्न सक्ने क्षमतामा ह्रास आउँछ । तथा तिनीहरु बिचको सम्बन्ध राम्रो भएमा शिक्षणा सिकइमा वृद्धि हुन जान्छ । विद्यालयको अतिरिक्त क्रियाकलापमा तिनीहरुको सहभागीता बढ्न गई आत्मबलल र नेतृत्व क्षमताको समेत वृद्धि विकास हुन सक्छ ।

शिक्षक विद्यार्थी बिचको राम्रो सम्बन्धले विद्यार्थीको सिकाइमा राम्रो प्रभाव पर्न गई अन्त विद्यार्थीको विद्यालयमा सहभागिता बढ्न जान्छ । यो पाउलो फ्रेरेको पेडागोजी अफ अप्रेस्ट एप्रोचसँग मेलखाएको देखिन्छ ।

शिक्षक विद्याथी बिचको सम्बन्ध खराब भएमा विद्यार्थी शिक्षकबाट टाढा भाग्न खोज्छ र शिक्षण सिकाइ प्रभावकारी हुँदैन । शिक्षक विद्यार्थी बिचको यस्तो सम्बन्धले कुनै कुरा शिक्षक सँग सोध्न पाइँदैन । जसको कारण शिक्षण सिकाइमा असर पार्दछ भने शिक्षक र विद्यार्थीको दोहोरो अन्तरक्रियाले शिक्षण सिकाइमा थप उर्जा प्रदान गरी अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता वृद्धि हुनुका साथै विद्यार्थीहरुमा नेतृत्व शैलीको समेत विकास हुँदै जान्छ भन्ने कुराको तथ्य विद्यालयका शिक्षक शिक्षिकाहरुबाट पाइयो ।

## ४.३. अतिरिक्त क्रियाकलापद्वारा विद्यालयको शैक्षिक व्यवस्थापन गर्न देखापरेका समस्याहरु

सिकाइको उद्देश्य अनुरुप हुनु पर्दछ, यसरी उचित उद्देश्य, उचित लक्ष्य लिएर अतिरिक्त क्रियाकललापलाई व्यवस्थापन गर्न सकियो भने पक्कै पनि निश्चित मार्गमा विद्यार्थीलाई पुर्याउन सकिन्छ र यसरी विभिन्न अतिरिक्त कार्यक्रमलाई व्यवस्थित गर्न तथा अतिरिक्त क्रियाकलापबाट शैक्षिक व्यवस्थापन गर्न उचित किसिमका अतिरिक्त क्रियाकलापहरु अनुसारका शैक्षिक सामग्रीहरु एवम् अन्य सामग्रीलाई समेत व्यवस्थित गर्नु आवश्यक रहन्छ । तसर्थ छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापबाट विद्यालयको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाई बालबालिकाको शैक्षिक उपलब्धि वृद्धि गर्न के कस्ता कमी कमजोरीहरु रहेका छन् भन्ने सन्दर्भमा छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धान कर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार प्राप्त तथ्यलाई निम्नानुसारका उपशीर्षकमा विश्लेषण गरिएको छ :

### ४.३.१ विद्यालयको कमजोर आर्थिक अवस्था

कुनै पनि कार्य गर्नका लागि आर्थिक अवस्थाले अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । छनोटमा परेका विद्यालयमा विद्यार्थीलाई विविध अतिरिक्त क्रियाकलाप गराएर उनीहरुको शैक्षिक उपलब्धि वृद्धि गर्ने सोच विद्यालयले राखेको भएतापनि बजेट अभावले

गर्दा आवश्यक सामग्रीहरु खरिद गर्न नसकिएको, अतिरिक्त क्रियाकलापलाई व्यवस्थित गराउनका लागि आवश्यक सामग्री जोड्न नसकिएको, अतिरिक्त क्रियाकलाप गराउनका लागि छुट्टै शिक्षकको व्यवस्था हुन नसकेको जसले गर्दा क्रियाकलाप प्रभावकारी हुन नसकेको भन्ने उत्तरहरु अध्ययनका क्रममा प्र.अ., शिक्षक, विद्यार्थीबाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.२ व्यवहार उपयोगी क्रियाकलाप हुन नसक्नु

विद्यालयमा विविध अतिरिक्त क्रियाकलाप गराइने भए पनि व्यवहार उपयोगी र सीपमूलक नहुनुका साथै वौद्धिक क्रियाकलापहरु पनि प्रभावकारी हुन सकिरहेका छैनन् भन्ने जस्ता तथ्यहरु छनोटमा परेका विद्यालयका अभिभावकहरुबाट जानकारी प्राप्त भएको थियो । निबन्धलेखन, चिठ्ठीलेखन जस्ता बौद्धिक क्रियाकलापहरुलाई विद्यालयले विशेष जोड दिँदै लैजाने सकेको खण्डमा विद्यार्थीको व्यवहारिक जीवनमा समेत उपयोगी हुने र परीक्षामा समेत उनीहरुले यस्ता प्रकारका प्रश्नहरुको सहजै हल गर्न सक्ने हुन्छन् । त्यसैगरी फूटबल भलिबल जस्ता शरीरिक क्रियाकलापहमा पनि आवश्यक नियमहरुको पालना गराई व्यवहरिकरुपबाट कार्यकलापहरुलाई लैजान सकेको खण्डमा विद्यालयको अध्ययन पश्चात पनि उनीहरुले आफ्ना क्रियाकलापलाई अगाडि बढाउन सक्दछन् भने उक्त क्रियाकपलापसँग सम्बन्धित प्रश्नहरु परीक्षामा सोधिएका उत्तर लेख्नका लागि बालबालिकालाई समस्या रहँदैन कुनै पनि अतिरिक्त क्रियाकलाप गराउने भन्ने बित्तिकै विद्यार्थीलाई चउरमा त्यसै छोडेर उनीहरुको इच्छा अनुसार खेल्न दिने तथा रमाइलो गर्ने भन्ने जस्ता विद्यालयको प्रवृत्तिले गर्दा पनि व्यवहार उपयोगी क्रियाकलाप हुन सकिरहेका छैनन् भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको छ ।

### ४.३.३ शिक्षक विद्यार्थी र विद्यालय प्रशासन बिचको सुमधुर सम्बन्धको अभाव

विद्यालयका कुनै पनि क्रियाकलापलाई प्रभावकारी बनाएर लैजानका लागि विद्यालयमा कार्यरत कर्मचारी, शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन बिच राम्रो सम्बन्ध हुनु आवश्यक रहन्छ । छनोटमा परेका विद्यालयहरुमा बालबालिकालाई प्रभावकारी ढंगबाट अतिरिक्त

क्रियाकलाप गराएर विद्यालयको शैक्षिक व्यवस्थापन राम्रो बनाउनका लागि शिक्षक व्यवस्थापनलाई राम्रो बनाउनका लागि शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन बिचको सम्बब्न्धले के कस्तो समस्या पारेको छ भन्ने जस्ता कुराहरुमा जिज्ञासा राख्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, प्र.अ.सँग गरिएको छलफल  अन्तरक्रिया एवम् प्रश्नावलीका आधाारमा प्राप्त तथ्य अनुसार विभिन्न राजनीतिक हस्तक्षेप, विद्यालय प्रशासनले शिक्षकहरुलाई गर्ने व्यवहार, शिक्षकले विद्यार्थीलाई गर्ने व्यवहार जस्ता विविध पक्षले शिक्षक, विद्यार्थी विद्यालय प्रशासन बिच सुमधुर सम्बन्ध हुन नसकेको पाइयो ।

### ४.३.४ तालिमको अभाव

विद्यालयमा बालबलिकाहरुलाई अतिरिक्त क्रियाकलाप गराउनका लागि शिक्षकलाई के कस्तो तालिम प्रदान गरिएको छ ? उनीहरुले तालिमममा सिकेका कुरालााई व्यवहारमा लागु गर्न सकेको अवस्था छ कि छैन भन्ने जस्ता कुराहरुलाई आधार मानेर स्रोत व्यक्तिसँग गरिएको प्रश्नावली एवम् छलफलबाट प्राप्त जानकारी अनुसार अतिरिक्त क्रियाकलापकै लागि भनेर शिक्षकलाई तालिम दिने कार्य नभएको विभिन्न पाठमा सम्बन्धित अतिरिक्त क्रियाकलापका बारेमा स्रोतकेन्द्रले समय समयमा तालिम गराउँदै आएको तालिम समावेश गरेको भए पनि अतिरिक्त क्रियाकलापलाई मात्र विशेष जोड नदिइएको पाइयो ।

### ४.३.५ अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षक व्यवस्था नहुनु

छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीको अतिरिक्त क्रियाकलापका लागि के कसरी व्यवस्था भएको छ भन्ने बारेमा गरिएको अध्ययन अनुसन्धान तथा छलफल अन्तरक्रिया अनुसार बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलाप गराउनका लागि सबै विद्यालयमा छुट्टै अतिरिक्त क्रियाकलाप शिक्षक नरहेको, आफ्नो विषय अरु नै भएको हुँदा सबै क्रियाकलापहरु आफूले गराउन नसक्ने भन्ने जस्ता उत्तरहरु शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो भने स्वास्थ्य शारीरिक जस्ता विषयहरु पढाउने शिक्षकले आफ्नो विषय अध्यापन गराउँदा पाठमा आधारित क्रियाकलाप गराउने भए पनि प्रभावकारी हुन

नसकेको, विभिन्न बौद्धिक क्रियाकलाप गराउने शिक्षकहरु नभएको हुँदा विद्यालयमा अतिरिक्त क्रियाकलापहरु ज्यादै कम मात्रमा हुने विशेष गरी पाठ पढाउने क्रियाकलापलाई नै शिक्षकहरुले जोड दिने गरेको भन्ने जस्ता उत्तरहरु विद्यार्थीबाट प्राप्त भएको छ ।

### ४.३.६ निरीक्षण एवम् अनुगमन प्रभावकारी नहुनु

विद्यालयमा अतिरिक्त क्रियाकलाप के कसरी गराइदै आइएको छ ? के कस्ता क्रियाकलापहरु गराउन सकेको खण्डमा बालबालिकाको उपलब्धिमा वृद्धि हुन्छ ? अतिरिक्त क्रियाकलापलाई कसरी व्यवस्थापन गर्न सकिन्छ तथा अतिरिक्त क्रियाकलापका माध्यमबाट शैक्षिक व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने जस्ता तथ्यलाई आधार बनाएर समय समयमा निरीक्षण एवम् अनुगमन हुन सकेका खण्डमा क्रियाकलाप प्रभवाकारी हुनुका साथै अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनका लागि थप सहयोग पुग्ने देखिन्छ ।

स्रोतकेन्द्रबाट गरिने निरीक्षण एवम् अनुगमन कार्यमा अतिरिक्त क्रियाकलापलाई के कसरी अनुगमन गर्नु हुन्छ भनी स्रोतव्यक्तिसँग गरिएको प्रश्नावली अनुसार समय समयमा निरीक्षण अनुगमनका लागि विद्यालयमा गइने, उनीहरुको शैक्षिक उपलब्धिका सम्बन्धमा विद्यार्थी संख्याका सम्बन्धमा शिक्षकको योग्यता अध्यापन गर्ने विषयमा छलफल अन्तरक्रिया अनुगमन हुने गरेको भए पनि अतिरिक्त क्रियाकलापलाई शिक्षकहरुले गराउँदै आएको, सो भन्दा माथिका क्रियाकलापका बारेमा निरक्षण अनुगमन गर्नु पर्ने नरहेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा विद्यालय प्र.अ. एवम् शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो ।

विद्यालयमा अतिरिक्तय क्रियाकलापलाई प्रभावकारी बनाइ उचित तवरले शैक्षिक व्यवस्थापन गर्न आर्थिक अवस्था, भौतिक अवस्था, अभिभावकमा जनचेतनाको अभाव जस्ता कुराहरुले समस्या रहेको तथ्य अध्ययनबाट प्राप्त भएको छ ।

## ४.४ अतिरिक्त क्रियकलापद्वारा विद्यालयको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु

अहिलेको युग भनेको प्रतिस्पर्धात्मक र वैज्ञानिक युग भनेर बुझिन्छ । कुनै बालबालिकाले कक्षा उत्तीर्ण हुने मात्र नभई उसको शैक्षिक उपलब्धि गुणस्तरीय हुनु पनि उत्तीकै आवश्यक छ । व्यवहारिक तथा मनोरञ्जनात्मक वातावरणमा बालबालिकाको मनो भावना अनुसार शिक्षण हुन सकेका मात्र शैक्षिक उपलब्धिमा वृद्धि गर्न तथा व्यवहारिक ज्ञान प्राप्त गर्नका लागि अतिरिक्त क्रियाकलापको आवश्यक हुन्छ तर विद्यालय अतिरिक्त क्रियाकलाप भइरहनुले मात्र पनि शैक्षिक गुणास्तर राम्रो हुन्छ भन्ने हुँदैन सञ्चालन भएका क्रियाकलापहरु व्यवस्थित हुनु आवश्यक रहन्छ । सिकाइको उद्देश्य अनुरुप हुनु पर्दछ, यसरी उचित उद्देश्य, उचित लक्ष्य लिएर अतिरिक्त क्रियाकललापलाई व्यवस्थापन गर्न सकियो भने पक्कै पनि निश्चित मार्गमा विद्यार्थीलाई पुर्‍याउन सकिन्छ र यसरी विभिन्न अतिरिक्त कार्यक्रमलाई व्यवस्थित गर्न तथा अतिरिक्त क्रियाकलापबाट शैक्षिक व्यवस्थापन गर्न उचित किसिमका अतिरिक्त क्रियाकलापहरु अनुसारका शैक्षिक सामग्रीहरु एवम् अन्य सामग्रीलाई समेत व्यवस्थित गर्नु आवश्यक रहन्छ । तसर्थ छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापबाट विद्यालयको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाई बालबालिकाको शैक्षिक उपलब्धि वृद्धि गर्न तथा के कस्ता कमी कमजोरी रहेका छन् र तिनीहरुको निराकरण गरी शैक्षिक व्यवस्थापन गर्नका लागि के कस्ता उपयाहरु हुन सक्छन् भन्ने जस्ता कुराहरुलाई आधार माानेर छनोटमा परेका विद्यालयका शिक्षक,अभिभावक, विद्यार्थी, प्र.अ., स्रोतव्यक्ति सँग गरिएको अन्तरवार्ता प्रश्नावली र अवलोकनबाट निम्नानुसारका तथ्य प्राप्त भएका छन् :

### ४.४.१ विद्यालयको आर्थिक अवस्थालाई सुदृढ गर्नुपर्ने

कुनै पनि कार्य गर्नका लागि आर्थिक अवस्थाले अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । छनोटमा परेका विद्यालयमा विद्यार्थीलाई विविध अतिरिक्त क्रियाकलाप गराएर

उनीहरुको शैक्षिक उपलब्धि वृद्धि गर्ने सोच विद्यालयले राखेको भएतापनि बजेट अभावले गर्दा आवश्यक सामग्रीहरु खरिद गर्न नसकिएको, अतिरिक्त क्रियाकलापलाई व्यवस्थित गराउनका लागि आवश्यक सामग्री जोड्न नसकिएको, अतिरिक्त क्रियाकलाप गराउनका लागि छुट्टै शिक्षकको व्यवस्था हुन नसकेको जसले गर्दा क्रियाकलाप प्रभावकारी हुन नसकेको भन्ने उत्तरहरु अध्ययनका क्रममा प्र.अ., शिक्षक, विद्यार्थीबाट जानकारी प्राप्त भएको थियो ।

भोलिका दिनहरुमा विद्यालयले गर्ने अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाई बालबालिकाको सर्वांगिण विकास हुने खालका क्रियाकलापहरु गराएर शैक्षिक उपलब्धि वृद्धि गर्नुका साथै दिगो सिकाइ प्रदान गर्नका लागि विद्यालयमा आर्थिक अवस्थाको सुधार गर्नु पर्ने अवस्था रहेको विभिन्न संघसंस्था, अभिभावक एवम् सम्बन्धित सरोकारवालाहरुबाट आर्थिक सहयोग प्राप्त गरी प्राप्त मात्रामा आवश्यक सामग्रीहरु खरिद गरेर प्रयाप्त मात्रामा आवश्यक सामग्रीहरु खरिद गरेर विद्यार्थीलाई क्रियाकलापमा सहभागी गराउन सकियो भने विद्यालयले गराउँदै आएका अतिरिक्त क्रियाकलापहरु अरु प्रभावकारी हुनुका साथै शैक्षिक उपलब्धिमा समेत वृद्धि हुने भन्ने जस्ता उत्तरहरु प्र.अ. तथा शिक्षकसँग गरिएको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

### ४.४२ व्यवहार उपयोगी कार्यकलाप गराउनु पर्ने

विद्यालयमा विविध अतिरिक्त क्रियाकलाप गराइने भए पनि व्यवहार उपयोगी र सीपमूलक नहुनुका साथै वौद्धिक क्रियाकलापहरु पनि प्रभावकारी हुन सकिरहेका छैनन् भन्ने जस्ता तथ्यहरु छनोटमा परेका विद्यालयका अभिभावकहरुबाट जानकारी प्राप्त भएको थियो । निबन्धलेखन, चिठ्ठीलेखन जस्ता बौद्धिक क्रियाकलापहरुलाई विद्यालयले विशेष जोड दिँदै लैजाने सकेको खण्डमा विद्यार्थीको व्यवहारिक जीवनमा समेत उपयोगी हुने र परीक्षामा समेत उनीहरुले यस्ता प्रकारका प्रश्नहरुको सहजै हल गर्न सक्ने हुन्छन् । त्यसैगरी फूटबल भलिबल जस्ता शरीरिक क्रियाकलापहमा पनि आवश्यक नियमहरुको पालना

गराई व्यवहरिकरुपबाट कार्यकलापहरुलाई लैजान सकेको खण्डमा विद्यालयको अध्ययन पश्चात पनि उनीहरुले आफ्ना क्रियाकलापलाई अगाडि बढाउन सक्दछन् भने उक्त क्रियाकपलापसँग सम्बन्धित प्रश्नहरु परीक्षामा सोधिएका उत्तर लेख्नका लागि बालबालिकालाई समस्या रहँदैन कुनै पनि अतिरिक्त क्रियाकलाप गराउने भन्ने बिक्तिकै विद्यार्थीलाई चउरमा त्यसै छोडेर उनीहरुको इच्छा अनुसार खेल्न दिने तथा रमाइलो गर्ने भन्ने जस्ता विद्यालयको प्रवृत्तिले गर्दा पनि व्यवहार उपयोगी क्रियाकलाप हुन सकिरहेका छैनन्, भोलिका दिनमा अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बबनाई बालबालिकाको शैक्षिक उपलब्धि वृद्धि गराउनमा व्यवहार उपयोगी क्रियाकलापहरु गराउन आवश्यक रहेको तथ्य अनुसन्धानका क्रममा अभिभावक तथा विद्यार्थीबाट जानकारी प्राप्त भएको थियो ।

### ४.४.३ शिक्षक विद्यार्थी र विद्यालय प्रशासन बिचको सम्बन्ध सुमधुर हुनुपर्ने

विद्यालयका कुनै पनि क्रियाकलापलाई प्रभावकारी बनाएर लैजानका लागि विद्यालयमा कार्यरत कर्मचारी, शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन बिच राम्रो सम्बन्ध हुनु आवश्यक रहन्छ । छनोटमा परेका विद्यालयहरुमा बालबालिकालाई प्रभावकारी ढंगबाट अतिरिक्त क्रियाकलाप गराएर विद्यालयको शैक्षिक व्यवस्थापन राम्रो बनाउनका लागि शिक्षक व्यवस्थापनलाई राम्रो बनाउनका लागि शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन बिचको सम्बब्न्धले के कस्तो समस्या पारेको छ भन्ने जस्ता कुराहरुमा जिज्ञासा राख्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, प्र.अ.सँग गरिएको छलफल  अन्तरक्रिया एवम् प्रश्नावलीका आधाारमा प्राप्त तथ्य अनुसार विभिन्न राजनीतिक हस्तक्षेप, विद्यालय प्रशासनले शिक्षकहरुलाई गर्ने व्यवहार, शिक्षकले विद्यार्थीलाई गर्ने व्यवहार जस्ता विविध पक्षले शिक्षक, विद्यार्थी विद्यालय प्रशासन बिच सुमधुर सम्बन्ध हुन नसकेको पाइयो ।

विद्यालयमा बालबालिकाहरुलाई के कसरी शिक्षा प्रदान गर्ने भोलिका दिनमा कस्तो नतिजा निकाल्ने भन्ने जानकारी प्र.अ. को नै रहन्छ, प्र.अ.ले दिएको कार्यभारलाई हामीहरुले विश्वासताका साथ गर्दै आएका छौँ भन्ने जस्ता गैह्र जिम्मेवारी पूर्ण उत्तरहरु समेत विद्यालयका शिक्षकबाट प्राप्त भएको थियो भने विद्यार्थीहरुबाट पनि आफूहरुलाई मन नपरेको कुरा शिक्षकहरुसँग राख्दा रिसाउने, गाली गर्ने खालि समयमा कुनै प्रश्न गरियो

भने पाठभित्रको कुरा सोध्न पहिला किताब पढ्न जान्नु पर्‍यो अरु कुरा पछिका कुरा हुन भन्ने जस्ता व्यवहारहरु देखाउँदा अतिरिक्त क्रियाकलापका लागि आफूहरुले चासो नदेखाउने गरेको तथ्य विद्यार्थीबाट जनकारी प्राप्त भएको थियो । भोलिका दिनमा अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि शिक्षक विद्यार्थी तथा विद्यालय प्रशानबिच देखिएको बेमेलताको अध्ययन गरी सुमधुर सम्बन्ध कायम गर्नु पर्ने अवस्था रहेको पाइयो ।

### ४.४.४ शिक्षकहरुलाई प्रयाप्त मात्रामा तालिमको व्यवस्था

विद्यालयमा बालबलिकाहरुलाई अतिरिक्त क्रियाकलाप गराउनका लागि शिक्षकलाई के कस्तो तालिम प्रदान गरिएको छ ? उनीहरुले तालिममा सिकेका कुरालााई व्यवहारमा लागु गर्न सकेको अवस्था छ कि छैन भन्ने जस्ता कुराहरुलाई आधार मानेर स्रोत व्यक्तिसँग गरिएको प्रश्नावली एवम् छलफलबाट प्राप्त जानकारी अनुसार अतिरिक्त क्रियाकलापकै लागि भनेर शिक्षकलाई तालिम दिने कार्य नभएको विभिन्न पाठमा सम्बन्धित अतिरिक्त क्रियाकलापका बारेमा स्रोतकेन्द्रले समय समयमा तालिम गराउँदै आएको तालिम समावेश गरेको भए पनि अतिरिक्त क्रियाकलापलाई मात्र विशेष जोड नदिइएको पाइयो ।

त्यसैगरी विद्यालयमा कार्यरत शिक्षकहरुबाट प्राप्त जानकारी अनुसार आफूहरुलाई अतिरिक्त क्रियाकलाप गराउने जिम्मा विद्यालय प्रशासनले दिएको भए सो विषयवस्तुसँग आफूमा ज्ञान नै नभएका कारण काम चलाउनको लागि मात्र गरिने क्रियाकलापले प्रभावकरिता हासिल गर्न नसकेको हुँदा शिक्षकलाई विद्यालयमा विद्यार्थीको स्तर अनुसार के कस्ता क्रियाकलाप गराउन आवश्यक छ भन्ने कुराको पहिचान गरी सोही अनुसार तालिमका व्यवस्था हुन सकेको खण्डमा भोलिका दिनमा अतिरिक्त क्रियाकलापका माध्यमबाट शिक्षक व्यवस्थापन राम्रो बनाउनका लागि थप पुग्नसक्ने सहयोग प्राप्त भएको छ ।

### ४.४.५ अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षक व्यवस्था

छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीको अतिरिक्त क्रियाकलापका लागि के कसरी व्यवस्था भएको छ भन्ने बारेमा गरिएको अध्ययन अनुसन्धान तथा छलफल अन्तरक्रिया अनुसार बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलाप गराउनका लागि सबै विद्यालयमा छुट्टै अतिरिक्त क्रियाकलाप शिक्षक नरहेको, आफ्नो विषय अरु नै भएको हुँदा सबै क्रियाकलापहरु आफूले गराउन नसक्ने भन्ने जस्ता उत्तरहरु शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो भने स्वास्थ्य शारीरिक जस्ता विषयहरु पढाउने शिक्षकले आफ्नो विषय अध्यापन गराउँदा पाठमा आधारित क्रियाकलाप गराउने भए पनि प्रभावकारी हुन नसकेको, विभिन्न बौद्धिक क्रियाकलाप गराउने शिक्षकहरु नभएको हुँदा विद्यालयमा अतिरिक्त क्रियाकलापहरु ज्यादै कम मात्रमा हुने विशेष गरी पाठ पढाउने क्रियाकलापलाई नै शिक्षकहरुले जोड दिने गरेको भन्ने जस्ता उत्तरहरु विद्यार्थीबाट प्राप्त भएको छ । विद्यालयमा अतिरिक्त क्रियाकलापका साथसाथै शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि अतिरिक्त क्रियाकलाप शिक्षकका रुपमा छुट्टै शिक्षक नियुक्त गरेर अतिरिक्त क्रियाकलापका लागि एउटा कक्षामा हप्तामा कम्तीमा पनि ५ घण्टी अतिरिक्त क्रियाकलाप गराएर विद्यालय तथा विद्यार्थीको उचित शैक्षिक व्यवस्थापन गर्न सकिने तथ्य अध्ययनका क्रममा शिक्षकहरुबाट प्राप्त भएको छ ।

### ४.४.६ निरीक्षण एवम् अनुगमन कार्यलाई प्रभवाकारी बनाउनु पर्ने

विद्यालयमा अतिरिक्त क्रियाकलाप के कसरी गराइदै आइएको छ ? के कस्ता क्रियाकलापहरु गराउन सकेको खण्डमा बालबालिकाको उपलब्धिमा वृद्धि हुन्छ ? अतिरिक्त क्रियाकलापलाई कसरी व्यवस्थापन गर्न सकिन्छ  तथा अतिरिक्त क्रियाकलापका माध्यमबाट शैक्षिक व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने जस्ता तथ्यलाई आधार बनाएर समय समयमा निरीक्षण एवम् अनुगमन हुन सकेका खण्डमा क्रियाकलाप प्रभवाकारी

हुनुका साथै अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनका लागि थप सहयोग पुग्ने देखिन्छ ।

स्रोतकेन्द्रबाट गरिने  निरीक्षण एवम् अनुगमन कार्यमा अतिरिक्त क्रियाकलापलाई के कसरी अनुगमन गर्नु हुन्छ भनी स्रोतव्यक्तिसँग गरिएको प्रश्नावली अनुसार समय समयमा निरीक्षण अनुगमनका लागि विद्यालयमा गइने, उनीहरुको शैक्षिक उपलब्धिका सम्बन्धमा विद्यार्थी संख्याका सम्बन्धमा शिक्षकको योग्यता अध्यापन गर्ने विषयमा छलफल अन्तरक्रिया अनुगमन हुने गरेको भए पनि अतिरिक्त क्रियाकलापलाई शिक्षकहरुले गराउँदै आएको, सो भन्दा माथिका क्रियाकलापका बारेमा निरक्षण अनुगमन गर्नु पर्ने नरहेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा विद्यालय प्र.अ. एवम् शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियाबटा जानकारी प्राप्त भएको थियो ।
त्यसैगरी अभिभावकहरुले आफ्ना बालबालिकाहरुले  कसरी अध्ययन गरेका छन् ? उनीहरुको शैक्षिक अवस्था के कस्तो रहेको छ ? शिक्षकहरुले अध्यापन गराउँदा पाठलाई मात्र आधार बनाएका छन् कि अन्य अतिरिक्त क्रियाकलापका आधारमा विद्यार्थीलाई दिगो रुपबाट अध्यापन गराउँदै आएका छन् भन्ने जस्ता कुराहरुमा विद्यालयमा गएर निरीक्षण अनुगमन गरी सुझावा प्रस्तुत गर्नका लागि आफूहरुमा फुर्सद नभएको, कतिपय कुराहरुका बारेमा ज्ञान नभएको हुँदा खासै चासो नदेखाइएको भन्ने तथ्यहरु अध्ययनका क्रममा प्राप्त भएको थियो । यसरी छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापद्दारा विद्यार्थीको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि समय समयमा निरीक्षण एवम् अनुगमन गरी देखिएका कमीकमजोरीका आधारमा सुझाव प्रस्तुत गर्न सकेका खण्डमा सिकाइ प्रक्रियाका साथसाथै विद्यालयको वातावरण राम्रो हुन गई उपलब्धि अझ राम्रो हुने तथ्य अनुसन्धानबाट प्राप्त भएको छ ।

अध्ययनका क्रममा प्राप्त तथ्य अनुसार यस अध्ययन अनुसन्धानमा छनोटमा  परेका अध्ययन स्थलमा सबै जसो विद्यालयमा सिकाइने अतिरिक्त क्रियाकलापहरु एकै प्रकारको रहेको, फूटबल, भलिबल, व्यामहरु, सरसफाई सम्बन्धी क्रियाकलापहरु, चित्रकोर्ने, नक्सा बनाउने, हाँजिरी जवाफ, कविता प्रतियोगिता, हिज्जे, निबन्ध लेखन जस्ता विविध

अतिरिक्त क्रियाकलापहरुमा विद्यालयले बाालबालिकालाई सरिक गराउँदै आएको पाइयो ' बौद्धिक, शारीरिक, साहित्यिक गरी ३ चरणमा विभााजन गरेर बालबालिकाहरुलाई आर्जन गराउँदै आएको तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

# परिच्छेद पाँच

# निष्कर्ष तथा सुझावहरु

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि तथ्यांक संकलनको प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गर्नुका साथै त्यसबाट प्राप्त जानकारीका आधारमा निष्कर्ष निकाल्नुका साथै अध्ययन अनुसन्धानका क्रममा देखिएका कमी कमजोरीहरुलाई औंल्याएर सुधार गर्ने अवसर स्वरुप सुझाव समेत दिनुपर्ने हुन्छ । यिनै कुरालाई मध्यनजर गर्दै सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा पार्ने प्रभाव शीर्षक चयन गरिएको यस अध्ययन अनुसन्धानमा संकलित तथ्यांकबाट प्राप्त भएको प्राप्तिका आधारमा निम्नानुसार निष्कर्ष प्रस्तुत गर्नुका साथै सोही अनुसार सुझाव समेत प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

विद्यालयमा अतिरिक्त क्रियाकलापका लागि आवश्यक सामग्रीको अवस्था हेर्दा सबै विद्यालयमा शारीरिक, बौद्धिक क्रियाकलापसँग सम्बन्धित सामग्री भएको भए तापनि धेरैजसो विद्यालयमा शारीरिक, बौद्धिक क्रियाकलापसँग सम्बन्धित सामग्री रहेको भए पनि आवश्यक सामग्री हुन नसकेको पाइयो । शिक्षकमा पिरियडभार अधिक हुनु, विद्यालयको आर्थिक अवस्था न्यून रहनु अभिभावकमा जनचेतनाको कमी जस्ता कारणले गर्दा विद्यालयमा अभिरिक्त क्रियाकलाप व्यवस्थापनमा समस्या रहेको पाइयो । उचित किसिमले अतिरिक्त क्रियाकलापको व्यवथापन गर्न सकेका विद्यालयको शैक्षिक व्यवस्थापन राम्रो किसिमले हुन सक्ने र शैक्षिक व्यवस्थापन राम्रो भएमा शैक्षिक उपलब्धि पनि राम्रो हुने हुँदा विद्यालयमा बालबालिकाहरुलाई शिक्षा प्रदान गर्दा किताबी ज्ञानलााई मात्र सीमित नगरी सोही अनुसार विभिन्न अतिरिक्त क्रियाकलाप गराएर खेलविधिका माध्यमले अध्यापन

गराउँदा विद्यालयको पठनपाठन पनि व्यवस्थित देखिनुका साथै शैक्षिक उपलब्धिमा समेत वृद्धि हुने गरेको तथ्य प्राप्त भएको छ ।

अतिरिक्त क्रियाकलापको माध्यमबाट बालबालिकाको शिक्षाप्रति रुचि वृद्धि हुने गरेको, सिकाइमा निरन्तर तथा दिगो विकास भएको, व्यवहारिक तथा जीवनोपयोगी सिकाइ भएको, शैक्षिक उपलब्धि वृद्धिका लागि समेत थप सहयोग पुगेको भन्ने जस्ता तथ्यहरु अध्ययनका क्रममा प्राप्त भएको थियो ।

भोलिका दिनमा अतिरिक्त क्रियाकलापमा देखिएका समस्या निराकरण गर्नका लागि विद्यालयको आर्थिक अवस्था सुदृढ गर्नु पर्ने, व्यवहार उपयोगी क्रियाकलाप गराउनु पर्ने, शिक्षक, विद्यार्थी र विद्यालय प्रशासन बिचको सुमधुर सम्बन्ध हुनु पर्ने, अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षक व्यवस्था हुनु पर्ने, शिक्षकलाई पर्याप्त मात्रामा तालिमको व्यवस्था हुनुपर्ने , समय समयमा नीरीक्षण एवम् अनुगमनको समेत व्यवस्था गर्नु पर्ने भन्ने जस्ता उत्तरहरु तथ्यांक संकलनका क्रममा विद्यालय प्र.अ., अभिभावक एवम् शिक्षकबाट जानकारी प्राप्त भएको छ ।

सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापले शैक्षिक व्यवस्थापनमा पारेको प्रभावको अध्ययन अनुसन्धान गर्दा छनोटमा परेका सबै विद्यालयमा अतिरिक्त क्रियाकलापको व्यवस्था प्रभावकारी नभएको तथ्य प्राप्त भएको छ । सबै विद्यालयमा शैक्षिक व्यवस्थापनका लागि अतिरिक्त क्रियाकलापको आवश्यकता भएको भन्ने धारणा प्राप्त भए थियो । विद्यालयमा शारीरिक, बौद्धिक, साहित्यिक क्रियाकलापहरु गराउँदै आएको पाइयो ।

छनोटमा परेको अध्ययन स्थलको अध्ययन अवलोकन र तथ्यांकका आधारमा विश्लेषण गर्दा विद्यालयमा अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाएर बालबालिकाहरुलाई शिक्षाप्रति प्रोत्साहन गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ ।

विद्यालयमा अतिरिक्त क्रियाकलापलाई प्रभावकारि बनाउनका लागि सम्बन्धित सरोकारवालाहरु नै सक्रिय हुनु पर्दछ । विद्यालयमा शिक्षक, व्यवस्थापन समिति तथा अभिभावकले अतिरिक्त क्रियाकलापको आवश्यकतालाई महशुस गर्दै पाठसँग सम्बन्धित क्रियाकलापलाई नभई अन्य आवश्यक क्रियाकलाप समेत विद्यार्थीका लागि गराउनु आवश्यक रहेको देखिन्छ ।

विद्यालयमा बालबालिकालाई पाठसँग सम्बन्धित अतिरिक्त क्रियाकलापका साथ साथै शारीरिक एवम् बौद्धिकि क्रियाकलापहरुमा थप गरेर उनीहरुको चौतर्फी विकास हुने खालका अतिरिक्त क्रियाकलापलहरु गराई शिक्षा प्रदान गर्न सकेका खण्डमा शैक्षिक व्यवस्थापनका साथसाथै शैक्षिक उपलब्धि समेत वृद्धि हुन सक्दछ भन्ने निष्कर्ष निकालिएको छ ।

## ५.२ सुझावहरु

अध्ययन तथा अनुसन्धान पश्चात उक्त छनोटमा परेका अध्ययन स्थलमा अनुसन्धान कर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको अध्ययन अनुसन्धान अनुसार देखिएका कमी कमजोरीहरुलााई औंल्याउँदै निराकरण गर्नका लागि सम्बन्धित सरोकारवालाहरका लागि सुझाव प्रस्तुत गर्नु अनुसन्धानकर्ताको मुख्य दायित्व नै हुने हुँदा समग्र अध्ययनको निष्कर्षका आधारमा कार्यान्वयन तह, नीति निर्माण तह अनुसन्धान तहका लागि निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

विद्यालयमा बालबालिकाहरुलाई शिक्षा प्रदान गर्दा केबल किताबी ज्ञानमा मात्र सीमित शैक्षिक सिकाइ प्रभावकारी नभएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको र खालि पिरियडमा अतिरिक्त क्रियाकलाप गराउनका लागि छुट्टै अतिरिक्त क्रियाकलाप गराउने शिक्षक नहुदा सम्भन नभएको भन्ने उत्तर अध्ययनका क्रममा प्राप्त भएकोले भोलिका दिनमा शिक्षा मन्त्रालयले सबै विद्यालयमा अतिरिक्त क्रियाकलाप शिक्षक वा खेल शिक्षकको व्यवस्था गर्न सकेका खण्डमा दक्ष शिक्षकबाट अतिरिक्त क्रियाकलापहरु हुन गई सिकाइ प्रभावकारी हुने देखिन्छ । स्रोतकेन्द्र स्तरबाट अतिरिक्त शिक्षा प्रदानका लागि

तालिम दिनइने नीति सरकारी तवरबाट हुन सकेको खण्डमा अतिरिक्त क्रियाकलाप गराउने शिक्षक समय सान्दिर्भिक क्रियाकलाप गराउनका लागि सक्षम हुन सक्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयमा अतिरिक्त क्रियाकलापलाई के कसरी प्रभावकारी बनाउने भन्ने सन्दर्भमा विद्यालय प्र.अ.ले समय समयमा अभिभावक, शिक्षक तथा व्यवस्थापन समिति सहितको छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम राखी समस्याहरु पचिान गर्न सकेका खण्डमा विद्यालयमा अतिरिक्त क्रियाकलाप गराउन देखिएका समस्याहरु औँल्याइ उचित तवरले क्रियाकलाप गराउन थप सहयोग पुग्ने देखिन्छ । शिक्षककहरुले के कस्ता अतिरिक्त क्रियाकलाप गरेका छन् ? अतिरिक्त क्रियाकलाप प्रभावकारी ढंगबाट हुन सकेको छ कि छैन भन्ने जस्ता कुराहरुमा स्रोतकेन्दै स्तर तथा नगरपालिकाबाट समय समयमा छलफ, निरीक्षण अनुगमन एवम् तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ । प्र.अ.ले समय समयमा स्थानीय संघ संस्था, एवम् अभिभावकलाई भेला जम्मा गराई  विद्यालयलाई आवश्यक पर्ने अतिरिक्त क्रियाकलाप र त्यसका लागि आवश्यक लागतको समेत विश्लेषण गर्न सकेका खण्डमा अतिरिक्त क्रियाकलाप गर्नका लागि आर्थिक सहयोग जुटाउन सहज हुनुका साथै बजारबाट खरिद गर्नु पर्ने शैक्षिक सामग्री खरिद गरी क्रियाकलाप गर्न समेत सहयोग पुग्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

भोलिका दिनमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताले विद्यालयमा अतिरिक्त क्रियाकलाप र शैीक्षक व्यवस्थापन, कर्मचारी व्यवस्थापनले अतिरिक्त क्रियाकलापमा पारेको प्रभाव, अतिरिक्त क्रियाकलाप प्रवर्द्धनमा प्र.अ.को भूमिका, विद्यालयको भौतिक व्यवस्थापनले अतिरिक्त क्रियाकलापमा परेको प्रभाव जस्ता शीर्षकहरुमा  गहन अध्ययन अनुसन्धान गरी सोही अनुसार समस्या पहिचान गरी उपायहरु सुझाउन सकेका खण्डमा अतिरिक्त क्रियाकलापलाई थप प्रभावकारी बनाउन सकिने तथ्य प्राप्त भएको छ।

## सन्दर्भ सामग्री

अधिकारी, विष्णु प्रसाद (२०६६), *अध्यापन अनुमतिपत्र दिग्दर्शन,* काठमाण्डौ : आशिष पुस्तक भण्डार ।

काफ्ले, वासुदेव, (२०६०), *शैक्षिक योजना,* काठमाण्डौ : भूँडीपुराण प्रकाशन ।

किसन, यमबहादुर(२००२), *नेपालमा जातीय मुक्ती आन्दोलन,* काठमाण्डौ : न्यूप्लाजा, जनउत्थान प्रतिष्ठान ।

कुँवर, पुष्पलता र अन्य (२०६३), *शैक्षिक प्रशासन,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

के.सी. फत्तबहादुर (२०५४), *संगठनात्मक व्यवस्थापन,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, राजकुमार (२०६७), *विद्यालय व्यवस्थापनमा सरसफाई कार्यक्रमको प्रभाव,* चितवन : अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

पाठ्यक्रम विकासकेन्द्र (२०६३), अतिरिक्त क्रियाकलाप दिग्दर्शन, काठमाण्डौ : पाठ्यक्रम विभाग ।

न्यौपाने, ऋषिराम (२०६८) वर्तमान शिक्षाका समस्याहरु, लमजुङ : अभियान स्मारिका ।

वाग्ले, मनप्रसाद र कार्की उपेन्द्रकुमार (२०६१), *शिक्षाका आधारहरु,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

*रेडक्रस अभियान (२०६२),* नेपाल रेडक्रस सोसाइटी, चितवन ।

शुब्बा, रोशन (२०७३), *शिक्षक मासिक पत्रिका,* काठमाण्डौ : जेवि.डी. प्रकाशन ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०७०), *बाल विकास र सिकाइ,* काठमाण्डौ : राज अपसेट प्रेस ।

शिक्षा मन्त्रालय, (२०२८), *राष्ट्रिय शिक्षा पद्धतिको योजना,* काठमाण्डौ : शिक्षामन्त्रालय ।

श्रेष्ठ, अमुदा (२०५५), *संगठन तथा व्यवस्थापन,* काठमाण्डौ : एजुकेशन पब्लिशर्स ।

श्रेष्ठ, चन्द्रबहादुर, बस्नेत सम्झना (२०६५), *शैक्षणिक पद्धति,* काठमाण्डौ : भूँडिपुराण प्रकाशन ।

सुवेदी, हरि, (२०६०), बालशिक्षा, अभिभावकको भूमिका, चितवन : सनराइज इङलिस स्कूल ।

सेरिड (२०६१), *नेपाल प्राथमिक विद्यालयमा सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको वर्तमान अवस्था,* काठमाण्डौ ।

सेरिड (२०६१), *विद्यालयमा छात्र सहभागिता बढाउन महिला शिक्षकको अनुपातमा गरेको अध्ययन,* काठमाण्डौ ।

# अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक व्यवस्थापनमा पारेको प्रभााव

## अनुसूचि १

## अवलोकन फाराम

| **अतिरिक्त क्रियाकलापको विवरण** | सन्तोसजनक छ | | | सन्तोसजनक छैन |
|---|---|---|---|---|
| | राम्रो | औसत | निम्न | |
| क) शारीरिक क्रियाकलाप<br>१.फूटबल<br>२.भलिबल<br>३. कपड्डी<br>४.खोखो<br>५. व्याम<br>६.शारीरिब क्रियाकलापसँग सम्बन्धित अन्य क्रियाकलापहरु | | | | |
| ख) बौद्धिक क्रियाकलाप<br>१. हाजिर जवाफ<br>२. बादविवाद<br>३. वतृता<br>४. बौद्धिक क्रियाकलापसँग सम्बन्धित बौद्धिक क्रियाकलापसँग सम्बन्धित अन्य क्रियाकलापहरु | | | | |
| ग) **साहित्यिक क्रियाकलप** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १.कथा<br>२. कविता<br>३. निबन्ध<br>४. एकाङ्की तथा नाटक लेख<br>साहित्यिक क्रियाकलापसँग सम्बन्धित अन्य अतिरिक्त क्रियाकलापहरु | | | | |

## अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक व्यवस्थापनमा पारेको प्रभााव

## अनुसूचि २

### स्रोतव्याक्ति/ वि.नि.का तयार पारिएको प्रश्नावली

स्रोतकेन्द्रको नामः.........................................................................................

नामः ................................................

१. तपाईंले हेर्दै आउनु भएका स्रोतकेन्द्रका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप र शैक्षिक उपलब्धि बिच कस्तो सम्बन्ध रहेको पाउनु भएको छ ?

२. विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कुन कुन क्रियाकलापहरु गराईंदै आएका छन ?

३. अतिरिक्त क्रियाकलाप सम्बन्धी कस्तो प्रकारको योजना विद्यालयले बनाउने गरेको पाउनु भएको छ ?

४. अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक व्यवस्थापनमा कस्तो प्रभाव पारेको छ ?

५. विद्यालयहरुमा अतिरिक्त क्रियाकलापका लागि सामग्रीहरु प्रयाप्त मात्रामा रहेका छन् ?

६. विद्यालयमा अतिरिक्त क्रियाकलाप गराउनमा देखा परेका समस्याहरु पाउनु भएको छ ?

७. अतिरिक्त क्रियाकलापमा देखिएमा समस्याहरुको न्यूनीकरण गरी प्रभावाकारी ढंगबाट शैक्षिक व्यवस्थापान गर्न के कस्ता प्रयासहरु भएका छन् ।

८. अतिरिक्त क्रियाकलापमा देखिएका समस्या समाधान गरी प्रभावकारी ढंगबाट शैक्षिक व्यवस्थापन गर्न यहाँको भूमिका के कस्तो रहेको छ ?

## अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक व्यवस्थापनमा पारेको प्रभााव

## अनुसूचि ३

## प्र.अ.का  लागि तयार पारिएको प्रश्नावली

प्र.अ.को नामः........................................  योग्यता............................

विद्यालयको नामः........................

१. यहाँले प्र.अ. पदमा सेवा गर्दै आउनु भएको कति वर्ष भयो ?

२. विद्यालयमा अतिरिक्त क्रिायकलापहरु गराउँदै आउनु भएको छ ?

३. अतिरिक्त क्रियाकलाप र शैक्षिक उपलब्धि बिचको सम्बन्ध कस्तो देख्नु भएको छ ?

३. अतिरिक्त क्रियाकलाप सम्बन्धी यहाँले वार्षिक योजना बनाउने गर्नु भएको छ ?

४. विद्यार्थीहरुलाई के कस्ता अतिरिक्त क्रियाकलापहरु गराउँदै आउनु भएको छ ?

५. अतरिक्त क्रियाकलापहरु प्रयाप्त मात्रामा गराउनका लागि देखा परेका समस्याहरु के के छन् ?

६. कुन प्रकारको अतिरिक्त क्रियाकलापमा बढी विद्यार्थी सहभागी हुने गरेको पाउनु भएको छ र किन ?

७.अतिरिक्त क्रियाकलापले विद्यार्थीको सिकाइमा कस्तो प्रभाव पारेको छ ?

८. अतिरिक्त क्रिायकलापमा संलग्न हुने र नहुने विद्यार्थीहरु बीचको शैक्षिक उपलब्धिमा के कस्तो भिन्नता पाउनु भएको छ ?

९. अतिरिक्त क्रियाकलाप प्रयाप्त मात्रामा गराएर शैक्षिक उपलब्धि वृद्धि गर्नमा सम्बन्धित सरोकारवालाहरुको भूमिका के कस्तो पाउनु भएको छ ?

१०. अतिरिक्त क्रियाकलापका लागि यहाँको भूमिका कस्तो रहेको छ ?

## अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक व्यवस्थापनमा पारेको प्रभााव

### अनुसूचि ४

### शिक्षकका लागि तयार पारिएको प्रश्नावली

शिक्षकको नामः........................................ योग्यता............................

विद्यालयको नामः........................

१. अतिरिक्त क्रियाकलाप भन्नाले यहाँले के बुझ्नुहुन्छ ?

२. अतिरिक्त क्रियकलाप सम्बन्धी यहाँको वार्षिक योजना के कस्तो रहेको छ ?

३. विद्यालयमा अतिरिक्त क्रियकलापहरु गराउँदै आउनु भएको छ ?

४. पाठ्यपुस्तकसँग सम्बन्धित कुराहरुलाई अतिरिक्त क्रियाकलापमा माध्यमबाट अध्ययन गराउँदा विद्यार्थीको शैक्षिक उपलब्धि कस्तो पाउनु भएको छ ?

५. अतिरिक्त क्रियाकलापले विद्यार्थीको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पर्दछ ?

६. अतिरिक्त क्रियाकलापमा सहभागी हुने र नहुने विद्यार्थी बीच के अन्तर पाउनु भएको छ ?

७. अतरिक्त क्रियाकलापहरु प्रयाप्त मात्रामा गराउनका लागि देखा परेका समस्याहरु के के छन् ?

८. अतिरिक्त क्रियाकलाप प्रयाप्त मात्रामा गराएर शैक्षिक उपलब्धि वृद्धि गर्नमा सम्बन्धित सरोकारवालाहरुको भूमिका के कस्तो पाउनु भएको छ ?

९. विद्यालयमा अतिरिक्त क्रियाकलाप गराई शैक्षिक उपलब्धि वृद्धि गराउनमा शिक्षकको तर्फबाट यहाँले के कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

## अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक व्यवस्थापनमा पारेको प्रभााव

### अनुसूचि ५

### अभिभावकका लागि तयार पारिएको अन्तर्वार्ता प्रश्नावली

नाम : ठेगाना :

१. अतिरिक्त क्रियाकलाप भन्नाले यहाँले के बुझ्नुहुन्छ ?

२. विद्यालयमा बाबुनानीहरुलाई के कस्ता अतिरिक्त क्रियाकलापहरु गराएको पाउनु भएको छ ?

३. विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी योजनाहरु निर्माण गर्नका लागि अभिभावकसँग छलफल तथा अन्तरक्रिया हुने गरेको छ ?

४. विद्यालयमा अतिरिक्त क्रियाकलाप गराउँदा तपाईंका बाबुनानीहरु पनि के कस्ता क्रियाकलापमा बढी मात्रामा संलग्न हुने गरेका छन् ?

४. अतिरिक्त क्रियकलापले विद्यार्थीको शैक्षिक उपब्धिमा कस्तो प्रभाव पार्न सक्दछ ?

५. विद्यालयमा अतिरिक्त क्रियाकलाप गराएर विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गराउनमा के कस्ता समस्याहरु देख्नु भएको छ ?

६. अतिरिक्त क्रियाकलाप र शैक्षिक उपलब्धि बिचको सम्बन्धलाई सुमधुर बनाउन के कस्तो प्रयासहरु गर्नु भएको छ ?

# अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक व्यवस्थापनमा पारेको प्रभााव

## अनुसूचि ६

### विद्यार्थीका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

नाम : कक्षा :

१. अतिरिक्त क्रियाकलापको सम्बन्धमा तिमीलाई के कस्तो जानकारी छ ?

२. विद्यालयमा सरले के कस्ता अतिरिक्त क्रियाकलापहरु गराउनु हुन्छ ?

३. अतिरिक्त क्रियाकलापहरुमा तिमीलाई के कस्ता क्रियाकलापहरु बढी मन पर्दछ ?

४. विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा तिमी पनि भाग लिने गरेका छौं ।

५. अतिरिक्त क्रियाकलापका लागि सामग्रीहरु प्रयाप्त छन् ?

६. अतिरिक्त क्रियाकलाप गराउन विद्यालयमा देखा परेका समस्या के के हुन सक्छन् ?

७. विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरेर विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न सकिन्छ भन्नेमा तिम्रो धारणा के कस्तो रहेको छ ?

८. अतिरिक्त क्रियाकलापको माध्यमबाट शैक्षिक उपलब्धि वृद्धि गर्नमा विद्यार्थीको तर्फबाट तिमीले गर्न सक्ने सहयोग हरु के के हुन सक्छन् ?